स.द.न. ९/०२३

"सुख शीतल करूँ संसार, प्रेम सद्भाव सेवा यसका आधार"

श्रीकृष्णाय नमः

श्री मन्निजानन्दो विजयते

स.क.प.द.न. ३०२/०४७/०४८

पान नं. ३०१७४६४७६

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल

श्रीकृष्ण प्रणामी मन्दिर

श्री नवतनधाम व्यवस्थापन समिति

कागेश्वरी मनोहरा-०८, गोठाटार, काठमाडौं



संचालित मन्दिर संस्थाहरु

श्री नवतनधाम,
श्रीकृष्ण प्रणामी मन्दिर
कागेश्वरी, मनोहरा, ०८
फोन नं. ०१-५१४८२२२
९८४७६९६६३३

श्री युगल स्मृति भवन,
श्रीकृष्ण प्रणामी मन्दिर
डिल्लीबजार, काठमाडौं
फोन नं. ०१-४४२१०१५

श्री प्राणनाथ सेवा आश्रम,
श्रीकृष्ण प्रणामी मन्दिर
कोटेश्वर, काठमाडौं

श्री निजानन्द आश्रम,
श्रीकृष्ण प्रणामी मन्दिर
पुल्चोक, ललितपुर
फोन नं. ०१-५५२३१२२

श्रीकृष्ण प्रणामी,
सत्सँग भवन
गोंगबु, काठमाडौं

निजानन्द पुस्तकालय,
श्री नवतनधाम, काठमाडौं

धर्मलक्ष्मी गौशाला
श्री नवतमधाम, काठमाडौं

श्री निजानन्द गुरुकुलम
(विद्यालय)
श्री नवतमधाम, काठमाडौं



शुभ आशीर्वाद

"जागनी भई सब ब्रह्मसृष्टि, प्रेमकी बरसी निर्मल वृष्टि
तारतम वाणी अमृत सार, पहुँचायो निज धाम द्वार ।"

तुम सेवासे पाओगे पार, जहाँ विपत् त्यहाँ युवा परिषद्, सेवालाई साधना र परोपकारलाई जीवनको धर्म मानेर अघि बढ्ने युवा नै समाजका सच्चा शक्ति हुन् ।

श्रीकृष्ण प्रणामी धर्मका आध्यात्मिक आदर्श, धर्म-सेवा-सदाचार-सद्भाव र सामाजिक उत्तरदायित्वलाई जीवनमा आत्मसात् गर्दै युवाहरूलाई सङ्गठित र सेवामुखी बनाउने पवित्र उद्देश्य बोकेको श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको ३६औँ वार्षिक साधारण सभाका अवसरमा हार्दिक शुभकामना तथा मङ्गलमय आशीर्वाद व्यक्त गर्दछु ।

आध्यात्मिक चेतनाले युवालाई सत्बुद्धि, संयम र संस्कार दिन्छ भने सेवाले त्यस आध्यात्मिक चेतनालाई समाजोपयोगी कर्ममा परिणत गर्दछ । त्यसैले विपत् होस् वा सामाजिक आवश्यकता–जहाँ पीडा, त्यहाँ सेवा; जहाँ विपत्, त्यहाँ युवा परिषद् भन्ने भावनाका साथ युवाहरू अघि बढून् भन्ने मेरो शुभेच्छा छ ।

परिषद्को विधानले पनि आफ्ना उद्देश्य प्राप्तिका लागि विभिन्न क्षेत्रमा आवश्यक सहयोग र कार्यमा सक्रिय सहभागिताको भावनालाई मार्गदर्शन गरेको छ । यस ३६औँ साधारण सभाले विगतका सेवाकार्यहरूको समीक्षा गर्दै आगामी यात्राका लागि अझ एकताबद्ध, अनुशासित, आध्यात्मिक, सेवामुखी र जिम्मेवार युवा शक्ति निर्माण गर्ने सङ्कल्प गरोस् ।

श्रीराजश्यामाजीको कृपा सम्पूर्ण युवा परिषद् परिवारमा सदैव रहोस् । युवाहरूमा धर्म प्रतिको आस्था, सेवा प्रतिको समर्पण, समाज प्रतिको उत्तरदायित्व र राष्ट्र प्रतिको कर्तव्यबोध अझ गहिरिँदै जाओस् । ३६औँ वार्षिक साधारण सभा पूर्ण सफल रहोस श्री नवतनधामको शुभ आशीर्वाद सहित मेरो धेरै धेरै शुभकामना ।

अमृतराजी महाराज

प्रणाम
शुभाशीर्वाद सहित
बाबाजी श्री १०८ अमृत राजजी महाराज
श्रीकृष्ण प्रणामी मन्दिर, श्री नवतनधाम, काठमाडौं

श्री कृष्ण प्रणामी युवा परिषद् नेपाल
SHREE KRISHNA PRANAMI YOUTH COUNCIL NEPAL

सम्पादकीय

"सेवामा धर्म, मानवतामा कर्म"

प्रकृतिको स्वरूप कहिले शान्त, साम्य र जीवनदायिनी हुन्छ भने कहिले अकल्पनीय विपत्तिका रूपमा प्रस्तुत हुन्छ । य स्तै पीडादायी प्राकृतिक विपत्तिका रूपमा २०८३ भाद्र १० गते रसुवा, नुवाकोट तथा धादिङ्ग क्षेत्रमा आएको बाढी-पहिरो/विपतले पुऱ्याएको मानवीय तथा भौतिक क्षतिले हामी सबैको हृदय स्तब्ध र मर्माहत बनाएको छ । यस दुःखद् घडीमा जीवन गुमाउनुहुने सम्पूर्ण दिवंगत आत्माप्रति श्रीकृष्ण प्रणामी परिवार हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछ । यस विपत्तिमा आफ्ना प्रियजन गुमाउनुहुने परिवारजनप्रति हामी गहिरो समवेदना तथा सहानुभूति प्रकट गर्दछौं । घाइते तथा विपत् प्रभावित सबैमा शिघ्र स्वास्थ्यलाभको कामना गर्दै घरबार तथा सम्पत्ति गुमाएर विस्थापित हुनुभएका परिवारमा धैर्य धारण गर्ने शक्ति, दुःख सहन सक्ने सामर्थ्य र पुनः सामान्य जीवनतर्फ फर्कने साहस प्राप्त होस् भनी भगवान श्रीकृष्णसँग प्रार्थना गर्दछौं ।

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल केवल धार्मिक आस्था र साधनाको सँस्था मात्र होइन, **मानव सेवा, परोपकार, करुणा र सहअस्तित्वलाई धर्मका अभिन्न स्वरूप मान्ने सामाजिक अभियान पनि हो ।** "सेवा नै धर्म हो, मानवता नै महान् साधना हो" भन्ने भावनाका साथ पीडितका आँसु पुछ्नु, दुःखमा साथ दिनु र सङ्कटमा सहयोगका हात बढाउनु हाम्रो सामूहिक जिम्मेवारी हो । श्रीकृष्ण प्रणामी धर्मको मूल भावना नै प्रेम, करुणा, सद्भाव र मानव कल्याणमा निहित छ । त्यसैले विपत्को यस कठिन समयमा धर्म, जाति, क्षेत्र वा व्यक्तिगत सीमाभन्दा माथि उठेर पीडित मानवताका पक्षमा उभिनु आजको आवश्यकता हो । उद्धार, उपचार, राहत, पुनर्स्थापना र मनोबल अभिवृद्धिका कार्यमा राज्य, सामाजिक सँस्था, धार्मिक समुदाय, निजी क्षेत्र तथा आम नागरिकको सहकार्य अपरिहार्य छ । यस मानवीय संवेदनालाई अभिव्यक्त गर्ने उद्देश्यले परिषद्को ३६औं वार्षिक साधारण सभामा प्रकाशित यस प्रतिवेदन, विपत्तिको पीडा र क्षतिको अभिलेख मात्र होइन, दुःखमा एकजुट हुन नेपाली समाजमा रहेको मानवीय चेतना, सेवाभाव र करुणाको दस्तावेज बन्ने विश्वास लिएका छौं ।

"अयं निजः परो वेति गणना लघुचेतसाम् ।
उदारचरितानां तु वसुधैव कुटुम्बकम्"

अन्त्यमा, विपत्तिमा परी जीवन गुमाउनुहुने सम्पूर्ण दिवंगत आत्माप्रति भावपूर्ण श्रद्धाञ्जली, घाइतेहरूमा शिघ्र स्वास्थ्य लाभको कामना, आफन्त गुमाएका परिवारजनमा धैर्य र सहनशक्ति तथा बाढी-पहिरोबाट प्रभावित परिवारमा पुनर्स्थापना र सुरक्षित भविष्यका लागि कामना गर्दछौं । आफ्ना र पराइका सीमाभन्दा माथि उठी सम्पूर्ण मानवतालाई एउटै परिवार ठान्दै विपत्तिमा परेका प्रत्येक पीडितका साथमा उभिन सकौं–यही नै हाम्रो धर्म, सेवा र मानवताको सच्चा परिचय हो ।

प्रणाम !

श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल | **श्रीकृष्ण प्रणामी बाइजुराज महिला समिति नेपाल** | **श्रीकृष्ण प्रणामी युवापरिषद् नेपाल**

प्रतिवेदन तयारी समिति २०८३

१. संयोजकः केन्द्रीय उपाध्यक्ष श्री सुशीला ढकाल
२. सदस्यः केन्द्रीय उपमहासचिव श्री प्रमोद थापा
३. सदस्यः केन्द्रीय उपमहासचिव श्री टहलदास ओली
४. सदस्यः केन्द्रीय सदस्य श्री भरतराज मनाली
५. सदस्यः केन्द्रीय सदस्य श्री राधेश्याम गजुरेल
६. सदस्यः केन्द्रीय सदस्य श्री रुद्र बगाले
७. सदस्यः केन्द्रीय सदस्य श्री डम्बरनारायण श्रेष्ठ

विशेष सहयोगी:
केन्द्रीय उपाध्यक्ष श्री अनिल कोइराला
महासचिव आचार्य श्री चन्द्रकुमार सुवेदी (प्राज्ञिक परिषद्)
उपमहासचिव श्री कपिल फुयाल
बागमती प्रदेश अध्यक्ष श्री सुरज खड्का
गण्डकी-लुम्बिनी संयुक्त प्रदेश सचिव श्री सन्तोष ढुंगाना
कोशी प्रदेश सचिव श्री नरोत्तम श्रेष्ठ
केन्द्रीय सदस्य श्री सुमन सुवेदी
ललितपुर जिल्ला अध्यक्ष श्री शिवप्रसाद तिमिल्सिना
काठमाडौं जिल्ला अध्यक्ष विकास सञ्जेल
बाँके जिल्ला अध्यक्ष श्री शिवराज आचार्य
बर्दिया जिल्ला अध्यक्ष श्री हेमन्त थारु

केन्द्रीय सचिवालय: काठमाण्डौ महानगरपालिका, वडा नं ३२, कोटेश्वर, काठमाण्डौ, फोन: ०१-५१९९२६६
Email: skpyc 2047@gmail .com, Website: www.pranamiyouth.org.np

अध्यक्षको कलम

"सेवा हाम्रो संस्कार, अहिंसा हाम्रो आधार, आध्यात्मिकता हाम्रो मार्ग र युवाशक्ति हाम्रो भविष्य ।'

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको ३६ औँ वार्षिक साधारण सभाको यस गरिमामय अवसरमा देशका विभिन्न भू-भागमा रहनुभएका सम्पूर्ण प्रदेश समिति, जिल्ला समिति, वैदेशिक सम्पर्क समिति तथा सल्लाहकारज्यूहरू, प्रारम्भिक समितिका पदाधिकारी, सदस्य, युवा साथीहरू तथा समस्त प्रणामी परिवारमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु । तीन दशकभन्दा लामो यात्रामा श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालले अनेकौँ आरोह-अवरोह पार गर्दै आध्यात्मिक चेतना, सामाजिक सेवा, मानवीय सहयोग र युवाजागरणको अभियानलाई निरन्तर अघि बढाउँदै आएको छ । यो यात्रा कुनै एक व्यक्ति वा समूहको मात्र यात्रा होइन; यो गुरुजनको आशीर्वाद, अग्रजहरूको योगदान, सदस्यहरूको समर्पण र सम्पूर्ण प्रणामी समाजको विश्वासले निर्माण गरेको साझा यात्रा हो । ३६औँ वार्षिक साधारण सभा यो केवल वार्षिक कार्यक्रमको निरन्तरता होइन, यो त हिजोको मूल्याङ्कन, आजको आत्मसमीक्षा र भोलिको सङ्कल्प गर्ने ऐतिहासिक अवसर हो ।

हामीले आफैंलाई प्रश्न गर्नुपर्छ

- हामीले हाम्रो युवाशक्तिलाई सही दिशामा डोऱ्याउन सकेका छौँ ?
- हाम्रा आध्यात्मिक मूल्यहरूलाई व्यवहारमा उतार्न सकेका छौँ ?
- समाजमा परेको दुःख र विपत्तिमा हामी कति संवेदनशील र जिम्मेवार बन्न सकेका छौँ ? यी प्रश्नहरूको इमानदार उत्तर नै हाम्रो आगामी यात्राको दिशा बन्नुपर्छ ।

सत्संग, स्वाध्याय, साधना, सदाचार र आत्मचिन्तनमार्फत् आफूलाई चिनौँ । अनि नयाँ पुस्तालाई पनि हाम्रो आध्यात्मिक ज्ञान, संस्कार र मौलिक पहिचानसँग जोडौँ । ज्ञानले जीवनलाई दिशा दिन्छ, आत्मज्ञानले जीवनलाई अर्थ दिन्छ । सेवालाई नै साधना बनाऔँ । कसैको आँसु पुछ्नु, दुःखमा साथ दिनु, विपत्तिमा हात थाम्नु, असहायलाई सहयोग गर्नु र पीडितको जीवनमा आशाको किरण बन्नु, यही मानवताको वास्तविक परिचय हो । हामीले पूजा, पाठ र सत्संगसँगै मानव सेवामा पनि परमात्माको दर्शन गर्न सिक्नुपर्छ । त्यसैले हाम्रो प्रत्येक समिति र प्रत्येक युवा साथीले मनमा एउटा सङ्कल्प गरौं 'जहाँ पीडा हुन्छ, त्यहाँ प्रणामी युवाको सेवा पुग्ने छ ।'

प्रदेश, जिल्ला र प्रा.स.का वास्तविक आधार

केन्द्रीय समिति संगठनको नेतृत्वदायी संरचना हो भने प्रदेश, जिल्ला र प्रा.स.हरू संगठनका वास्तविक आधारशिला हुन् । त्यसैले म सम्पूर्ण प्रदेश समिति, जिल्ला समिति र प्रारंभिक समितिलाई हार्दिक आग्रह गर्दछु केन्द्रीय कार्यक्रमको प्रतीक्षा मात्र नगर्नुहोस्; स्थानीय आवश्यकता पहिचान गर्नुहोस्, स्थानीय युवालाई जोड्नुहोस् र स्थानीय समाजमा परिवर्तनको अभियान सञ्चालन गर्नुहोस् । हामी एक-अर्काको आलोचकभन्दा सहयात्री बनौँ । प्रतिस्पर्धाभन्दा सहकार्य रोजौँ । विभाजनभन्दा एकता रोजौँ । अनि व्यक्तिगत स्वार्थभन्दा संगठन र समाजको हितलाई प्राथमिकता दिऔँ ।

भोटेकोसीको पीडा र प्रणामी समाजको सेवा

हालै आएको भोटेकोसी बाढीले पुऱ्याएको जनधनको क्षतिले सम्पूर्ण राष्ट्रलाई स्तब्ध बनाएको छ । तिब्बततर्फबाट आएको बाढीका कारण धेरै परिवारले आफ्ना प्रियजन गुमाएका छन्, धेरै परिवार विस्थापित भएका छन् र धेरैको जीवन एकै क्षणमा असह्य पीडामा परिणत भएको छ । यस्तो दुःखद् समयमा श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल तथा श्रीकृष्ण प्रणामी बाईजूराज महिला समितिको संयुक्त पहलमा प्रणामी समाजको नाममा गरिएको राहत, उद्धार तथा मानवीय सेवा हाम्रो संगठनको सेवाभावको गौरवपूर्ण उदाहरण हो । विपत्तिको समयमा हामीले एउटै कुरा देखाएका छौँ– धर्म केवल मन्दिरमा सीमित हुँदैन; धर्म दुःखीको घरको ढोकासम्म पुग्नुपर्छ । भक्ति केवल प्रार्थनामा सीमित हुँदैन; भक्ति पीडितको आँसु पुछ्ने हातमा देखिनुपर्छ । यस विपत्तिमा ज्यान गुमाउनुभएका सम्पूर्ण व्यक्तिहरूप्रति भावपूर्ण श्रद्धाञ्जली तथा शोक सन्तप्त परिवार जनमा गहिरो समवेदना व्यक्त गर्दछु । प्रणामी समाजसँग सम्बन्धित करिब नौ जना व्यक्तिसहित सम्पूर्ण बेपत्ताहरूको शीघ्र खोजी तथा सकुशल उद्धार होस् भन्ने प्रार्थना गर्दछु । घाइते तथा विपत् प्रभावित सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु । सबैभन्दा महत्वपूर्ण कुरा, अभिभावक गुमाएका बालबालिका तथा सहारा गुमाएका परिवारलाई राहत दिएर मात्र हाम्रो जिम्मेवारी पूरा हुँदैन । उनीहरूको शिक्षा, स्वास्थ्य, संरक्षण र भविष्य निर्माणसम्म साथ दिने दीर्घकालीन जिम्मेवारी स्वरुप ती बालबालिकाहरूको आश्रय स्थल हाम्रा मन्दिरहरू हुनुपर्छ भन्नेमा हामी सिङ्गो प्रणामी समाज एक मत रहेको पनि यस सम्मानित सभालाई जानकारी गराउन चाहन्छु । यस विषयमा आगामी दिनमा ठोस निर्णय र कार्ययोजना निर्माण गर्दै 'दुःखमा साथ, भविष्यसम्म हात' भन्ने भावनाका साथ अघि बढ्नुपर्छ ।

अबको प्रणामी युवा परिषद्

अब हामीले यस्तो परिषद् निर्माण गर्नुपर्छ जहाँ युवा केवल दर्शक होइन, नेतृत्वकर्ता होस् । युवा केवल कार्यक्रमको सहभागी होइन, परिवर्तनको संवाहक होस् । समिति केवल नामको संरचना होइन, सेवाको केन्द्र होस् र धर्म केवल विचार होइन, व्यवहार बनोस । हामीले नयाँ पुस्तालाई जोड्नुपर्छ । प्रविधिसँग जोडिनुपर्छ । समाजका वास्तविक समस्यासँग जोडिनुपर्छ । शिक्षा, स्वास्थ्य, वातावरण, दुर्व्यसन नियन्त्रण, रक्तदान, विपत् व्यवस्थापन, निरामिष अभियान र आध्यात्मिक जागरणजस्ता क्षेत्रमा युवाशक्तिलाई परिचालन गर्नुपर्छ ।

सङ्कल्प

३६औँ वार्षिक साधारण सभाको यस पावन अवसरमा हामी सबै मिलेर एउटा साझा सङ्कल्प गरौँ– दुर्व्यसन त्यागौँ, सेवामुखी बनौँ । निरामिष भोजन सेवन गरौँ । वातावरण संरक्षण गरौँ । आत्मा र परमात्मालाई चिनौँ, चिनाऔँ । अहिंसा, प्रेम र करुणालाई जीवनमा उतारौँ । र मानव सेवामार्फत् प्रणामी समाजको गौरव अझ उच्च बनाऔँ ।

हाम्रो आगामी यात्रा अझ सशक्त होस् । हाम्रो संगठन अझ एकताबद्ध होस् । हाम्रा युवा अझ अनुशासित, संस्कारी र सेवामुखी बनोस् । अनि जहाँ मानवता सङ्कटमा पर्छ, त्यहाँ श्रीकृष्ण प्रणामी युवा परिषद्को सेवाको हात सबैभन्दा पहिले पुग्ने वातावरण निर्माण होस् । ३६ औँ वार्षिक साधारण सभा सार्थक निर्णय, सुदृढ संगठन, नयाँ ऊर्जा र नयाँ सङ्कल्पको आधार बन्न सकोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु । देश-विदेशमा रहनुभएका सम्पूर्ण प्रणामी परिवारमा सुख, शान्ति, सद्भाव, स्वास्थ्य, समृद्धि र आध्यात्मिक उन्नतिको मंगलमय शुभकामना ।

कौशल फुयाल
केन्द्रीय अध्यक्ष
श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल

परिषद्को ३६औँ केन्द्रीय वार्षिक साधारण सभा तयारी समिति

संयोजक: केन्द्रीय उपाध्यक्ष श्री भीमप्रसाद बगाले
सदस्य: केन्द्रीय उपमहासचिव श्री कपिल फुयाल
सदस्य: केन्द्रीय सदस्य श्री बालहरि थापा
सदस्य: केन्द्रीय सदस्य श्री भरतराज मनाली
सदस्य: केन्द्रीय सदस्य श्री राजकुमार गजुरेल
सदस्य: केन्द्रीय सदस्य श्री कृष्ण खड्का
सदस्य: केन्द्रीय सदस्य श्री राधेश्याम गजुरेल
सदस्य: केन्द्रीय सदस्य श्री रुद्र बगाले
सदस्य: केन्द्रीय सदस्य श्री अरुण पाण्डे
सदस्य: केन्द्रीय सदस्य श्री विमला कुमारी तिमिल्सिना
सदस्य: गण्डकी-लुम्बिनी संयुक्त प्रदेश अध्यक्ष श्री युवराज बराल
सदस्य: रुपन्देही जिल्ला अध्यक्ष श्री कमला बराल



श्री कृष्ण प्रणामी युवा परिषद् नेपालको ३६ औं केन्द्रीय वार्षिक साधारणसभामा केन्द्रीय समितिको तर्फबाट महासचिव श्री दिपक कार्कीद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन २०८२/०८३

पृष्ठभुमीः

"दुर्व्यसन त्यागौं, सेवामुखी बनौं, निरामिष भोजन सेवन गरौं, वातावरण संरक्षण गरौं, आत्मा र परमात्माको अन्तर सम्बन्धलाई चिनौं" भन्ने मूल आधारशीलालाई आत्मसात् गर्दै श्री कृष्ण प्रणामी निजानन्द सम्प्रदायमा दीक्षित प्रणामी युवाहरूको बिचमा धार्मिक, आध्यात्मिक तथा सामाजिक सेवाको भावनाको अभिवृद्धि गरी युवाहरूका बिचमा पारस्परीक सामञ्जस्यता कायम गर्दै सेवा तथा कल्याणका कार्यहरूमा संलग्नता बढाउन सेवा र परोपकारमा सँस्थागत ढंगले एकबद्ध भई युवाहरू परिचालन गर्ने उद्देश्यले २०४७ साल माघ १८ गते जिल्ला प्रशासन कार्यालय, ललितपुरमा विधिवत रूपमा दर्ता भई श्री कृष्ण प्रणामी युवा परिषद् नेपालको स्थापना भएको हो । स्थापना कालदेखि नै परिषद्ले धार्मिक तथा सामाजिक सेवामा युवाहरूलाई उत्प्रेरित गर्दै आइरहेको छ । परिषद्ले पुर्वीय दर्शन र हिन्दु सँस्कृतिको जगेर्नालाई आधार बनाई यसको संरक्षण, सम्वर्द्धन र विकासमा सक्रिय भूमिका निर्वाह गर्दै युवाको नेतृत्व तथा क्षमता विकासका लागि आध्यात्मिक जागरण सहित व्यक्तित्व विकाश सम्बन्धि कार्यक्रमहरूका साथ युवा जागरण, बाल सत्संग र आध्यात्मिक शिविर सञ्चालन गरिरहेको छ । श्रीकृष्ण प्रणामी समाजमा आबद्ध सम्पूर्ण युवाहरूको संलग्नतामा सामाजिक सेवालाई मूख्य प्राथमिकतामा राखी परिषद्ले विपत्को समयमा स्वयंसेवक परिचालन, विपन्न र अशक्तलाई मानवीय सेवा, स्वास्थ्य शिविर सञ्चालन, रक्तदान सेवा, वातावरण संरक्षण सम्बन्धि कार्य, दुर्गम स्थानमा स्ट्रेचर वितरण, बिपन्न वालवालिकालाई शैक्षिक सामाग्री, विद्यालय पोशाक तथा छात्रवृत्ति प्रदान, वाढी पहिरो, अग्नी, भूकम्प, शीतलहर र महामारीबाट प्रभावितका लागि निर्माण र सुरक्षा सामाग्री सहयोग, भोजन सेवा तथा खाद्यान्न सहयोग, औषधि उपचार, शीतलहर पीडितहरूलाई न्यानो कपडा वितरण, निःशुल्क आँखा परीक्षण, दृष्टिविहीनलाई सेतो छडि वितरण, खाद्यान्न तथा स्वास्थ्य सामाग्री सहयोग जस्ता सेवाका कार्यमा परिषद्को केन्द्रदेखि प्रदेश, जिल्ला र प्रा.स. तहको सक्रियता रहेको छ । साथै सरकारी निकाय, प्रदेश तथा स्थानिय सरकार, विभिन्न संघ-सँस्था र सेवाभावी दाताहरुसँगको समन्वय र सहकार्यमा सेवाका कार्य निरन्तर भइरहेको छ । आ.व. ०८२/८३ मा यस परिषद्ले गरेका कार्यहरूको प्रगति विवरण संक्षिप्त रुपमा प्रस्तुत गरिएको छ ।

सांगठनिक अवस्थाः

मिति २०८२ साउन १ देखि २०८३ असार मसान्तसम्ममा परिषद्को केन्द्रीय समितिको ४ वटा पूर्ण बैठक र १३ वटा सचिवालय बैठक सम्पन्न भएका छन् । परिषद्को मिति २०८२ कार्तिक १५ गते ३५ औं केन्द्रीय बार्षिक साधारणसभा श्रीकृष्ण प्रणामी मुल मन्दिर, ईमाडोल, ललितपुरमा सम्पन्न भयो । यस श्री कृष्ण प्रणामी युवा परिषद्को नेपालको केन्द्रीय समिति, केन्द्रीय सचिवालय समिति, सल्लाहकार समिति, प्रदेश स्तरमा कोशि प्रदेश समिति, मधेस प्रदेश समिति, बागमती प्रदेश समिति, गण्डकी-लुम्बिनी संयुक्त प्रदेश समिति र कर्णाली-सुदुरपश्चिम संयुक्त प्रदेश समिति, ४९ जिल्ला समिति, १० बैदेशिक सम्पर्क समिति र २०० भन्दा बढी प्रारम्भिक समितिहरू क्रियाशील रहेका छन् । यसरी परिषद्मा हजारौं युवाहरू संगठित छन् । परिषद्को प्रशिक्षण विभाग, संगठन विस्तार तथा सचिवालय व्यवस्थापन विभाग, आर्थिक संकलन तथा व्यवस्थापन विभाग, धार्मिक विभाग, सामाजिक विभाग सो अन्तर्गत शिक्षा शाखा, स्वास्थ्य शाखा, शाकाहार तथा वातावरण शाखा, रक्तसञ्चार शाखा, खेलकुद शाखा छन् । यसैगरी स्वयम् सेवा विभाग, विपत् व्यवस्थापन विभाग, वैदेशिक सम्पर्क विभाग, प्रविधि विभाग, जिन्सी व्यवस्थापन विभाग गरी जम्मा १० वटा केन्द्रीय स्तरका विभागहरू र ४ शाखाहरू क्रियाशील छन् । परिषद्को विधानमा उल्लेखित उद्देश्य हासिल गर्न तथा कार्यहरू कार्यान्वयन गर्न वार्षिक नीती तथा कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ ।

आ.ब. २०८२/०८३ मा भएका कार्यहरु

श्री १०८ पाठ पारायणमा परिषद्द्वारा मञ्चको कार्यक्रम/सहयोग:

- २०८२ मंसिर ०२ देखि ०९ गतेसम्म चितवनको श्रीकृष्ण प्रणामी मन्दिर श्यामनगर, बुढौलीमा सम्पन्न स्वर्ण कलश अनाबरण महामहोत्सवको अवसरमा परिषद्द्वारा "युवा अध्यात्म र सेवा" बिषयक विचार गोष्ठी कार्यक्रम सञ्चालन गरिएको साथै परिषद्को केन्द्रीय समितिको संगठन विभागको तर्फबाट ४० थान स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।

- परिषद्को जिल्ला समिति बाँकेद्वारा बाँकेको कोहलपुरमा मिति २०८२ मंसीर १४ देखि २० सम्म आयोजना भएको श्रीमत्तारतमसागर पाठपारायण एवं श्रीमद्भागवत महापुराण ज्ञानमहायज्ञमा परिषद्को केन्द्रीय समितिको तर्फबाट "युवा, अध्यात्म र सेवा" विषयक विचार प्रवाह कार्यक्रम सञ्चालन गरिएको साथै परिषद्को तर्फबाट नगद रु.७१,०००/- सहयोग गरिएको ।

- २०८२ माघ २१ देखि २७ गतेसम्म श्रीकृष्ण प्रणामी मन्दिर, निजगढ-६, प्रणामीनगर-सडकटोल, बारामा भएको श्रीकृष्ण प्रणामी धर्म महामहोत्सव एवं श्रीमत्तारतमसागर १०८ पाठ-पारायणमा परिषद्को तर्फबाट "युवा, अध्यात्म र सेवा" विषयक विचार गोष्ठी कार्यक्रम सञ्चालन गरिएको, केन्द्रीय समितिको तर्फबाट मोटरसाइकल र्‍यालीको लागी ३०० थान प्रणाम अंकीत झण्डा सहयोग गरिएको साथै परिषद्को केन्द्रीय समितिको संगठन विभागको तर्फबाट ३० थान स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।

- २०८२ फाल्गुण ०३ देखि ०९ गतेसम्म श्रीकृष्ण प्रणामी मन्दिर, चन्द्रपुर-६, शान्तिनगर-रौतहटमा भएको श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव एवं श्रीमत्तारतमसागर १०८ पाठ-पारायणमा परिषद्को तर्फबाट "युवा, अध्यात्म र सेवा" विषयक कार्यक्रम सञ्चालन गरिएको, साथै परिषद्को केन्द्रीय समितिको संगठन विभागको तर्फबाट २५ थान स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।

- २०८२ चैत्र १० देखी १६ गतेसम्म श्री नवतनधामको बार्षिकोत्सवको अवसरमा आयोजित १०८ पाठपारायण कार्यक्रममा परिषद्को तर्फबाट "परिषद्को कार्य र सेवा" सम्बन्धि विषयमा आधरित रहि मञ्चको कार्यक्रम सञ्चालन गरिएको ।

- श्रीकृष्ण प्रणामी मन्दिर ढुंखर्क, काभ्रेमा २०८२ चैत्र २७ देखि २०८३ बैशाख ०३ गतेसम्म आयोजित श्रीकृष्ण प्रणामी धर्म जागनी महोत्सव तथा श्रीमत्तारतमसागर पाठपारायण कार्यक्रममा परिषद्को केन्द्रीय समितिको तर्फबाट "सेवामा युवाहरुको भुमिका र दायित्व" विषयक विचार प्रवाह कार्यक्रम सञ्चालन गरिएको साथै केन्द्रीय समितिको आर्थिक तथा स्वयंसेवक विभागको तर्फबाट डस्ना, सिरक, तन्ना र केन्द्रीय समितिको संगठन विभागको तर्फबाट स्वयंसेवक ज्याकेट सहयोग गरिएको ।

- श्रीकृष्ण प्रणामी मन्दिर सलकपुर, मोरङको मिति २०८३ बैशाख १ देखि ७ गतेसम्म भएको स्वर्ण महोत्सव तथा श्रीमद्तारतमसागर श्री १०८ पाठपारायणमा परिषद्को तर्फबाट स्वयंसेवा गरिएको ।

खुल्ला सडक दौड प्रतियोगिता:

- नेपाल शाकाहारी संघ र यस परिषद्को संयुक्त आयोजनामा २०८२ भाद्र ७ गते, शनिबार काठमाडौंमा खुल्ला सडक दौड प्रतियोगीतामा सम्पन्न भयो ।

अहिंसा महोत्सव नेपाल-२०८२:

- नेपाल शाकाहारी संघको आयोजनामा २०८२ भाद्र १२, १३ र १४ गते काठमाडौंमा भएको अहिंसा महोत्सव नेपाल २०८२ मा यस परिषद् सह-आयोजकको रुपमा रहि कार्यक्रम सम्पन्न भएको ।

आध्यात्मिक शिविर:

- २०८३ बैशाख ०६ गतेदेखि श्रीनवतनधाम, काठमाडौंमा श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, युगल प्रशिक्षण कोषको आयोजनामा सञ्चालित "एस.ई.ई. विद्यार्थी लक्षित नि:शुल्क आवासीय आध्यात्मिक शिविर"मा यस परिषद्को सहकार्य रहेको ।

सुदुरपश्चिम कर्णाली परिभ्रमण, संगठन सुदृढिकरण, न्यानो कपडा सहयोगः

२०८२ मंसीर महिनाको ८ गते काठमाडौंबाट सुरु भएको परिभ्रमणको क्रममा रुपन्देही हुँदै बर्दिया, सुर्खेत, कालीकोट, जुम्ला, मुगु हुँदै रारा सम्म भ्रमण सम्पन्न भयो । सो अवसरमा न्यानो कपडा बितरण, शाकाहारी अभियान, मन्दिर परिभ्रमण र सो क्षेत्रका परिषद्का पदाधिकारी तथा सदस्यज्यूहरुको बिचमा संगठन सुदृढीकरण कार्यक्रम सम्पन्न गरियो । परिभ्रमणको क्रममा बर्दियाको बेचैनपुर मन्दिरको लागि परिषद्को केन्द्रीय समितिको तर्फबाट १ धुर जग्गा बापत रु.१६,०००, परिषद्का केन्द्रीय अध्यक्ष कौशल फुयालबाट रु.५१,१११, परिषद्का केन्द्रीय उपाध्यक्ष भिम प्रसाद बगालेबाट बर्दिया जिल्ला समितिलाइ रक्तसञ्चार कोष स्थापनाको लागि रु.५१,०००, परिषद्का केन्द्रीय कोषाध्यक्ष उमेश प्रधानबाट रु.१६,०००, परिषद्का केन्द्रीय सदस्य दिपक तिमिल्सनाबाट रु.१६,००० आर्थिक सहयोग गरिएको साथै दैलेखको पंचकोशि बेद विद्याश्रममा अध्यनरत ६५ जना विद्यार्थीहरुलाई न्यानो कपडा बितरण, कालिकोटको सेरेज्युयल्ला स्थित शंकर मा.बि.मा अध्यनरत २०३ जना विद्यार्थीहरुलाइ विद्यालय पोशाक, स्टेशनरी र अन्य सामग्री बितरण गरिएको । सो कार्यमा बाइजुराज महिला समितिको समेत सहकार्य रहेको । रारा तालमा योग, ध्यान, रास रामत, शाकाहारी अभियान सञ्चालन, बाँकेमा १ जना विद्यार्थीलाइ छात्रवृत्ति सहयोग र ज्येष्ठ नागरिकहरुलाइ न्यानो कपडा वितरणका लागि सामग्री परिषद्को बाँके जिल्ला समितिलाइ हस्तान्तरण गरिनुका साथै वुटवलमा रहेको नेपाल अपांग आश्रममा आश्रित ४५ जनालाई न्यानो कपडा सहयोग गरीएको । परिषदका केन्द्रीय उपाध्यक्ष श्री भिम प्रसाद बगालेज्यूको संयोजकत्वमा सम्पन्न उक्त परिभ्रमणबाट रु. १८६९४० बचत भएको थियो ।

मन्दिर तथा जिल्ला/प्रा.स. परिभ्रमणः

- देशैभरिका मन्दिर तथा सत्संग भवनहरूमा आयोजित वार्षिक उत्सव, वितक कथा, धार्मिक कार्यक्रम र साधारणसभामा केन्द्रीय समितिको तर्फबाट प्रदेश, जिल्ला तथा प्रा.स.हरुसँगको सहकार्यमा सहभागीताका साथ परिभ्रमण गरिएको ।

सामाजिक तथा धार्मिक कार्यक्रममा समन्वय र सहयोगः

- परिषद्को रौतहट जिल्ला समितिद्वारा परिषद्को ३६ औं स्थापना दिवसको अवसरमा आयोजित श्री १०८ तारतमसागर अभ्यास पाठपारायणको समापनमा केन्द्रीय समितिको तर्फबाट रु.२५,०००/-आर्थिक सहयोग गरिएको ।

- परिषद्को भक्तपुर जिल्ला समितिलाई विद्यालय पोशाक तथा शैक्षिक सामग्री बितरणको लागी केन्द्रीय समितिको तर्फबाट रु.२०,०००/-सहयोग गरिएको ।

- विभिन्न स्थानमा आयोजित १०८ पाठपारायण, धार्मिक तथा सामाजिक कार्यहरूमा परिषद्को पदाधिकारी तथा सदस्यज्युबाट आर्थिक सहयोग गरीएको ।

- सेवा र विकासका लागि युवाको आयोजना तथा यस परिषद्को संगठन विभागको सहकार्यमा श्रीकृष्ण प्रणामी मन्दिर, धुसाल, रामेछापमा जिल्लाको खाँडादेवी गाउँपालिकाका विभिन्न विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुको लागि शैक्षिक सामाग्री वितरण गरिएको ।

- श्रीकृष्ण प्रणामी धर्माचार्य अनन्त श्री विभुषित जगदगुरु आचार्य श्री कृष्णमणिजी महाराजश्रीको ६२ औं शुभ जन्मोत्सव श्रीनवतनधाम, काठमाडौंमा पाठ-पारायण गरि मनाईएको ।

- २०८२ आश्विन २१ र २२ गते ललितपुरको ईमाडोल प्रा.स.द्धारा आयोजित राष्ट्रव्यापी फुटसल प्रतियोगीताको लागि केन्द्रीय समितिको तर्फबाट रु.२५,०००/- सहयोग गरिएको ।

बिभागीय कार्यहरुः

- सामाजिक बिभागको समन्वयमा बिभिन्न जिल्लामा बिबिध सामाजिक सेवाका कार्यहरु भएको ।

- संगठन बिभागद्वारा परिषद्को सदस्यता विस्तारको कार्य भईरहेको छ । प्रदेश, जिल्ला तथा प्रा.स.हरुसँगको सहकार्यमा युवा जागरण, क्षमता विकास तथा संगठन सुदृढिकरणको कार्यक्रमलाई अघि सारिएको छ। सामाजिक सञ्जाल मार्फत परिषद्का सुचना, जानकारी र गतिविधिलाई प्रचारमा ल्याइएको छ ।

- शिक्षा शाखाको समन्वयमा खुल्ला हाजिरिजवाफ प्रतियोगीता, कुलत तथा दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम, उत्प्रेरणामूलक प्रशिक्षण, शैक्षिक सम्मान कार्यक्रम भएको ।
- स्वास्थ्य शाखाको समन्वयमा आर्थिक अवस्था कमजोर भएका, शारिरीक असक्तताका भएका बिरामीहरुलाइ आर्थिक सहयोग, स्वास्थ्य उपचार, खानेपानी उपकरण सहयोग गरिएको ।
- रक्त सञ्चार शाखाको समन्वयमा श्रीकृष्ण जन्माष्टिम पर्व, धर्म जागनी महोत्सव, परिषद्को वार्षिकोत्सव जस्ता विशेष अवसरहरूमा देशैभर रक्तदान कार्यक्रमहरू सञ्चालन गरिएका छन् ।
- खेलकुद शाखाको समन्वयमा फुटसल प्रतियोगिता लगायतका खेलकुद गतिविधिहरू सम्पन्न भएका छन् ।
- शाकाहार तथा वातावरण शाखाको समन्वयमा देशका विभिन्न मठ-मन्दिर तथा सार्वजनिक स्थानमा पशुबली निषेध सचेतना तथा शाकाहारी अभियान सञ्चालन गरीएको । सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सञ्चालन भएको छ ।
- धार्मिक विभागको संयोजन तथा परिषद्को केन्द्रीय समितिको आयोजनामा मिति २०८२ चैत्र २१ देखि २५ गतेसम्म श्रीकृष्ण प्रणामी मन्दिर, कटुञ्जे, भक्तपुरमा "पञ्च दिवसीय आवासीय बाल जागरण शिविर" सञ्चालन गरिएको । साथै बिभागको समन्वयमा बिभिन्न मन्दिर तथा सत्सङ्ग भवनहरुमा बाल सत्सङ्ग कार्यक्रमहरु नियमीत भइरहेको छ ।
- स्वयंसेवक विभागको संयोजनमा विभिन्न स्थानमा आयोजित १०८ पाठपारायण, राष्ट्रिय पर्व, बार्षिकोत्सव, धार्मिक तथा सामाजिक कार्यक्रमहरू र विपत्को अवस्थामा सक्रिय रूपमा स्वयंसेवा परिचालन भएको ।
- प्रविधि विभागको संयोजनमा परिषद्को वेभसाईट डिजाईन, सदस्यता तथा परिषद्का दस्ताबेजहरू डिजिटलाईज गर्ने कार्य भइरहेको ।
- विपद व्यवस्थापन विभागको समन्वयमा बिपत प्रभावित स्थानहरूमा राहत, उद्धार तथा सहयोगका कार्यक्रमहरु गरिएको ।
- प्रशिक्षण विभागको सहयोगमा विभिन्न विद्यालय तथा स्कुल-कलेजहरूमा लागू पदार्थ दुर्व्यसनविरुद्ध सचेतनामूलक प्रशिक्षण कार्यक्रम सञ्चालन भएको ।
- वैदेशिक सम्पर्क विभागले परिषद्को वैदेशिक सम्पर्क समितिलाइ थप व्यवस्थित गरी संगठन विस्तारमा पहल गरिरहेको ।
- जिन्सी विभागको संयोजनमा परिषद्मा रहेको जिन्सी सामानहरूको तथ्याङ्क अद्यावधिक गर्ने कार्य भइरहेको ।

सँस्थागत सहकार्यः

- **कार्यगत एकताः** श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, श्रीकृष्ण प्रणामी बाईजुराज महिला समिति नेपाल र यस परिषद्बिच संयुक्त कार्यगत एकता भइरहेको छ ।
- **सहकार्यः** अन्य धार्मिक तथा बिभिन्न सामाजिक संघ-सँस्थाहरूसँगको सहकार्यमा बिबिध धार्मिक तथा सामाजिक सेवाका कार्यहरू भएका छन् ।
- **प्रणामी सञ्चारः** प्रणामी समाजको एकिकृत प्रचार प्रसारका लागि सेवा समिति नेपाल, यस युवा परिषद् र बाइजुराज महिला समितिको साझा कार्यक्रमका रुपमा धार्मिक तथा सामाजिक सेवाका कार्यक्रमको विविध गतिविधिहरूलाई सञ्चारमाध्यमद्वारा प्रचार प्रसार कार्यलाई नियमित र व्यवस्थित गर्न "प्रणामी सञ्चार सञ्चालन निर्देशिका-२०८२" जारी गरी कार्यान्वयनमा ल्याइएको छ ।

परिषद्को ३६ औं स्थापना दिवस तथा ३५ औं वार्षिक उत्सव कार्यक्रमः

- परिषद्को ३६ औं स्थापना दिवस तथा ३५ औं वार्षिक उत्सवको अवसरमा परिषद्को केन्द्रीय समितिको समन्वयमा ५ दिवसीय कार्यक्रम अन्तर्गत श्रीमुखवाणी पाठ-वाचन अनलाइन प्रशिक्षणको शुभारम्भ, बालसत्सङ्ग भएका मन्दिरहरुमा स्टेशनरी सामग्री बितरण, प्रदेश, जिल्ला तथा प्रा.स.ले विविध सेवामुलक

सामाजिक कार्यको साथमा रक्तदान कार्यक्रमको आयोजना, उपत्यका स्तरीय बाल संगीत प्रशिक्षणको शुभार, शाकाहारी अभियान सञ्चालन, परिषद्को रौतहट जिल्ला समितिद्वारा आयोजित श्री १०८ तारतमसागर अभ्यास पाठपारायणको समापनमा धामगमन हुनुभएका युवा विकास अक्षय कोषदाताहरुको स्मृतिमा एकाहा पाठपारायण, स्थानीय मन्दिर, सत्सङ्ग भवन सरसफाइ तथा वातावरण संरक्षण सम्बन्धि कार्य गरी दीप प्रज्वलन कार्यक्रम, श्रीनवतनधाममा परिषद्को प्रविधि विभागको संयोजनमा भजनसन्ध्या कार्यक्रम सम्पन्न भएको ।

श्री कृष्ण प्रणामी भित्ते पात्रो प्रकाशन :

- यस परिषदद्वारा सेवा समिति, बाइजुराज महिला समिति र श्रीनवतनधामको सहकार्यमा २०८३ सालको श्रीकृष्ण प्रणामी भित्ते पात्रो ९००० (नौ हजार) प्रति छापिएको साथै सो पात्रो देशैभर परिषद्को प्रदेश समिति मार्फत बितरण गरिएको छ ।

प्रादेशिक भेला:

- कोशी प्रदेश स्तरिय प्रादेशिक भेला (मोरङ, सुनसरी) २०८२ भाद्र १४ गते सलकपुर, मोरङमा सम्पन्न भएको ।
- परिषद्को मधेस प्रदेश स्तरयि प्रादेशिक भेला २०८३ जेठ १६ गते श्रीकृष्ण प्रणामी मन्दिर, औराहा, सिमरामा सम्पन्न भएको ।
- अन्य प्रदेशमा पनि प्रादेशिक भेलाको योजना राखिएको छ ।

युवा विकास अक्षय कोष :

- परिषद्द्वारा स्थापित युवा विकास अक्षय कोषबाट सिर्जित व्याज रकमबाट मातहतका समितिलाइ विभिन्न कार्यक्रमको शिर्षकमा सहयोग प्रदान गरीदै आएको छ । सो को लागी छुट्टै कार्यविधि तयार गरी सो रकम परिचालन गर्ने लक्ष्य लिइएको छ। आर्थिक बिभागले कोष बृद्धिको योजना अघि सारी निरन्तर पहल गरिरहेको छ।

केन्द्रीय पुरस्कार कोष:

परिषद्ले देहाय बमोजिमको केन्द्रीय कोष स्थापना गरेको छ: ।

- कमलकृष्ण-मणिकुमारी स्मृति पुरस्कार कोष २०६६ रु दुई लाख मात्र (प्रत्येक वर्ष प्रदान गरीने)
  संरक्षक: श्री मदनकृष्ण शर्मा/शारदा शर्मा पुडासैनी
- रामु-लिला स्मृति पुरस्कार कोष २०६९ रु पाँच लाख मात्र (प्रत्येक ३ वर्ष प्रदान गरीने)
  संरक्षक: श्री बद्री बहादुर कार्की/शान्ति कार्की
- कृष्णमणि-दीपा प्याकुरेल राष्ट्रिय भक्ति संगीत पुरस्कार कोष २०६९ रु एक लाख पचास हजार मात्र (प्रत्येक वर्ष प्रदान गरीने)
  संरक्षक: श्री गणेश प्याकुरेल/पूर्णिमा प्याकुरेल
- देविभक्त-चुत्रीमाया गरीब तथा जेहेन्दार छात्रवृत्ति पुरस्कार कोष २०७५ रु दुइ लाख एघार हजार एक सय एघार मात्र(प्रत्येक वर्ष प्रदान गरीने)
  संरक्षक: श्री नुरनाथ सुवेदी/सरस्वती सुवेदी
- प्रेम-तिला स्मृति महिला सम्मान पुरस्कार कोष २०७८ रु दुई लाख पचास हजार मात्र (प्रत्येक ३ वर्ष प्रदान गरीने)
  संरक्षक: श्री धर्म प्रसाद भट्टराई/सुनिता भट्टराई ।

परिषद्को केन्द्रीय सम्पर्क कार्यालय स्थापना:

- २०८२ माघ १८ गते परिषद्को वार्षिकोत्सवको अवसरमा श्रीनवनतनधाम, काठमाडौंमा परिषद्को केन्द्रीय सम्पर्क कार्यालय स्थापना गरि सञ्चालनमा ल्याईएको छ ।

। प्रणाम ॥

विभागीय प्रतिवेदनहरू

१. सामाजिक विभाग (नीति तथा मुख्य कार्यक्रमहरु)

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल (सामाजिक विभाग) को आ.व. २०८३/८४ को विभिन्न ५ वटा शाखाहरूको नीति तथा वार्षिक कार्ययोजना, बजेट, अनुगमन तथा भावी रूपरेखाको संक्षिप्त विवरण

उद्देश्य: सामाजिक सेवा, शिक्षा, स्वास्थ्य, खेलकुद युवा सशक्तिकरण र धार्मिक मूल्य अनुकूल जीवनशैली प्रवर्द्धन गर्दै प्रणामी समुदाय र राष्ट्रको विकासमा योगदान पुर्याउनु ।

शाखाहरु	बजेट रू.	नीति तथा मुख्य कार्यक्रमहरु
क.शिक्षा शाखा	१,२०,०००/-	कक्षा १०, १२ निःशुल्क कोचिङ, लोकसेवा तयारी कक्षा, फागुनमा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति र पोशाक, झोला, स्टेसनरी वितरण, वैशाख/जेठमा क्यारियर काउन्सेलिङ तथा नैतिक शिक्षा, दुर्व्यसन सचेतना, हाजिरी जवाफ वक्तृत्वकला, चित्रकला ।
ख. स्वास्थ्य शाखा	१,००,०००/-	कार्तिक र चैत्रमा निःशुल्क स्वास्थ्य शिविर, मानसिक/प्रजनन स्वास्थ्य कार्यशाला, फागुनमा प्राथमिक उपचार तालिम तथा असोजमा मधुमेह/रक्तचाप, दन्त/आखाँ शिविर, मानसिक स्वास्थ्य हेरचाह ।
ग.खेलकुद शाखा	८०,०००/-	श्रावण-भदौमा फुटबल/फुटसल/भलिबल/बुद्धिजाल चाल प्रतियोगिता, माघमा 'चलो नेपाल' दौड, निरन्तर योग/ध्यान शिविर र मैत्रीपूर्ण खेलकुद ।
घ. रक्तसञ्चार शाखा	७०,०००/-	पौष/माघमा मेगा रक्तदान शिविर, रक्तदान सचेतना अभियान र वर्षैभरि 'रक्तदाता नेटवर्क' डाटाबेस सञ्चालन ।
ङ. शाकाहार तथा वातावरण शाखा	६०,०००/-	असोजमा शाकाहार दिवसमा च्याली/सेमिनार, मंसिरमा शाकाहारी खाना प्रतियोगिता र वर्षभरि सामाजिक मिडिया अभियान, स्टिकर, पोष्टर, व्यानर प्रदर्शन तथा वितरण, विश्व वातावरण दिवस, सरसफाई, वृक्षारोपण ।

शाखाहरू नीति तथा कार्यक्रम र बजेट विनियोजन (कुल बजेट : रू.५,१०,०००/-)

(नोट: यो अनुमानित बजेट हो । वास्तविक खर्च कार्यक्रम स्थान, भाग लिने सख्या, सहयोगी सँस्था र स्थानीय स्रोतबाट प्राप्त सहयोगमा निर्भर गर्दछ ।)

२. आय स्रोत तथा अनुगमन व्यवस्था

आय स्रोत : परिषद्को निधि, सदस्यता शुल्क, दान-सहयोग, फन्ड रेजिङ (सांस्कृतिक/खाना मेला) र बाह्य अनुदान ।

अनुगमन : मासिक प्रगति रिपोर्ट, त्रैमासिक समीक्षा बैठक र वार्षिक गतिविधि तथा वित्तीय प्रतिवेदन प्रकाशन ।

३. सफलताका आधार र समयरेखा

- सक्रिय स्वयंसेवक: प्रत्येक विभागमा उत्साही, सेवाभावी युवा स्वयंसेवकहरूको टोली ।
- सहकार्य: स्थानीय सरकार, स्वास्थ्य सँस्था, अन्य युवा संगठन, शैक्षिक सँस्था, रेडक्रसँग सहकार्य ।
- प्रभावकारी प्रचार: सोसियल मिडिया, पत्रपत्रिका, पोस्टर, मौखिक सूचना ।
- पारदर्शिता: रकमको पारदर्शी लेखा प्रणाली रेकर्ड र प्रयोग ।
- लचिलोपन: आवश्यकताअनुसार योजना समायोजन गर्न सक्ने क्षमता ।

समयरेखा : श्रावणदेखि सुरु भई वैशाख/जेठसम्म वर्षैभरि विभिन्न शैक्षिक, सामाजिक, स्वास्थ्य र खेलकुदका कार्यक्रमहरू निरन्तर सञ्चालन हुनेछन् ।

'तुम सेवा से पाओगे पार' भन्ने मूल नाराका साथ यो योजना आवश्यकता अनुसार परिमार्जन र सहकार्यसहित केन्द्र, प्रदेश र जिल्ला, प्रा.सं. स्तरमा कार्यान्वयन गरिने छ ।

सुशीला ढकाल
विभाग प्रमुख, सामाजिक विभाग
(उपत्यका संयोजक)

विभागीय कार्यप्रगति विवरण

१. सामाजिक विभाग

क. शिक्षा शाखा :-

१. होली पर्वको पावन अवसरमा शिक्षा विभागको आयोजनामा रामेछापको धुसाल र सिन्धुलीको कालिमाटी मन्दिरमा खुल्ला हाजिरिजवाफ कार्यक्रम सम्पन्न ।

२. काठमाण्डौ जिल्ला समितिको आयोजना र कपन प्रा.स.को सह आयोजनामा उपत्यकाव्यापी बालसत्सङ्ग हाजिरीजवाफ सम्पन्न ।

३. काठमाडौं जिल्लाको आयोजनामा मकवानपुरका ३ विद्यालय श्री देउराली आधारभूत विद्यालय, राकेश देवी विद्यालय, पञ्चकन्या मा.वि.मा न्यानो माया कार्यक्रम सन्पन्न ।

४. जिल्ला समिति काठमाण्डौको संयोजकत्वमा प्रशिक्षक सामाजिक विभाग प्रमुख शुशीला ढकालज्यू मार्फत् श्री तेजविनायक मा.वि.मा दुर्व्यसन विरुद्ध सचेतना कार्यक्रम सम्पन्न ।

५. जिल्ला समिति चितवनको आयोजनामा न्यु क्यापिटल कलेजमा दुर्व्यसन विरूद्ध सन्चेतना एवम् तनाव व्यवस्थापन उत्प्रेरणा प्रशिक्षक्षण शिविर सम्पन्न ।

६. काभ्रे जिल्लाअन्तर्गत ढुङखर्कमा १०८ पारायणको क्रममा युवामा सामाजिक आध्यात्मिक दायित्व विषयमा युवा भेला कार्यक्रममार्फत् स्वयंसेवक परिचालनको क्रममा स्काउट, रेडक्रस विद्यालयलगायत सामाजिक सँस्थासँग समन्वय गरिएको ।

७. काठमाडौं जिल्ला नवतन धाम प्रा.स.मा हाजिरीजवाफ कार्यक्रम सम्पन्न भएको ।

८. भक्तपुर जिल्ला समितिको आयोजनामा दुवाकोटको श्री यापी भैरव आधारभूत विद्यालय र लोकन्थली आधारभूत विद्यालयमा झोला वितरण कार्यक्रम सम्पन्न ।

९. लम्जुङ, तनहुँ र कास्की जिल्लाका विभिन्न विद्यालयको सहभागितामा श्री कृष्ण प्रणामी मन्दिर दोभान डाँडा लमजुङमा चित्रकला प्रतियोगिता सम्पन्न ।

१०. चितवन र त्रिबेनी धाममा विभिन्न विद्यालयका उल्लेख्य विद्यार्थी र सरोकारवाला बिच शैक्षिक सम्मान कार्यक्रम सम्पन्न ।

ख. स्वास्थ्य शाखा :-

१) गोरखा समाज बेल्जियम (गोपाल रेग्मी) को सहयोग तथा स्वास्थ्य उपसमितिको समन्वयमा गोरखा जिल्ला गोरखा न.पा -१० का आर्थिक अवस्था कमजोर तथा पूर्ण रूपमा अपाङता भएका कृश पौडेल र दिपा पुलामीलाई भरणपोषणका निम्ति जनही रू.५००००/- का दरले सहयोग प्रदान गरिएको ।

२) खुट्टामा इन्फेक्सन भएर उपचार गर्न नसक्ने आर्थिक रूपमा कमजोर र सहयोग गर्ने कोही नभएर घरमै कुहिएर मृत्युको मुखमा पुग्न लागेका गोरखा जिल्ला, गोरखा न.पा-१० गहिरी गाउँका तिलकबहादुर नेपालीको उपचारका निम्ति स्वास्थ्य उपसमितिको समन्वयमा काठमाडौं शिक्षण अस्पताल ल्याई उपचार गरिएको र उक्त उपचारका निम्ति अभियान सन्चालन गरी रू.२८४६६५/- रूपैयाँ सङ्कलन गरी एउटा खुट्टा काटी बाँकी उपचार गरी लामो समय पछि घर पठाइएको ।

३) सामुदायिक अस्पतालमा बिरामी र कुरुवाको निम्ति प्रयोग गर्न मिल्ने गरी निशुल्क इन्टरनेटको व्यवस्था गर्न स्वास्थ्य उपसमितिको समन्वयमा पहिलो चरणमा काठमाडौं महा नगरपालिकासँग समन्वय गर्दै बजेट सुनिश्चितता गरिएको र अब निकट भविष्यमा नै कार्यान्वयनको चरणमा रहेको ।

४) २०८३ भदौ १० गतेको बाढीले प्रभावित नुवाकोट बट्टारका बाढी पीडितको स्वास्थ्य खानेपानी प्रयोगको उपकरण खरिदको निम्ति उपसमितिका संयोजक रुद्र बगालेको सहयोगमा बट्टार निवासी विष्णु बि.क. मार्फत् नगद रू.२५०००/- हस्तान्तरण गरिएको ।

५) बाढी पीडितको सहयोगको निम्ति सेनेटरी प्याड, सफाइका सामग्री, बच्चालाई कपडा र रासन सङ्कलन गरी रसुवा पठाइएको ।

ग. रक्त सञ्चार :-

श्रीकृष्ण प्रणामी युवा परिषद्, नेपालको रक्त सञ्चार शाखाले आर्थिक वर्ष २०८२/८३ मा महामति प्राणनाथजीको दिव्य वाणीलाई आत्मसात् गर्दै मानवजीवन रक्षाका लागि देशैभर प्रभावकारी सेवा प्रवाह गरेको छ । यस वर्ष प्रदेश, जिल्ला र प्रादेशिक स्तरमा गरी कुल २६ पटक बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरियो, जसबाट ९३७ पिन्ट रगत सङ्कलन भएको छ । झापादेखि सुर्खेतसम्मका विभिन्न अस्पतालमा आवश्यक पर्दा लाइभ ब्लड सङ्कलनमा समेत उत्कृष्ट समन्वय गरिनुका साथै श्रीकृष्ण जन्माष्टमी, मन्दिर स्थापना, धर्म जागनी महोत्सव र परिषद्को वार्षिकोत्सव जस्ता विशेष अवसरहरूमा देशैभर रक्तदान कार्यक्रमहरू सञ्चालन गरिएका छन् । रक्तदाता, संयोजन कर्ता र विभिन्न रक्त सञ्चार केन्द्रहरूसँगको गतिलो सहकार्यले यो सफलता सम्भव भएको हो । आगामी दिनमा पनि विपत्ति, महामारी वा अस्पतालको बेडमा रगतको अभाव हुन नदिन देशभर अझ प्रभावकारी समन्वय र सेवामूलक कार्यहरू गर्दै जीवन रक्षाको अभियानलाई निरन्तरता दिने प्रण गरिएको छ ।

घ. खेलकुद शाखा :-

आ.व. २०८२/०८३ मा मङ्गल स्मृति फुटसल प्रतियोगिता तथा प्रणामी कप फुटसल प्रतियोगिताको १०औँ संस्करण लगायतका खेलकुद गतिविधिहरू सम्पन्न भएका छन् । साथै, काठमाडौँ जिल्ला युवा परिषद्को आयोजनामा सम्पन्न उपत्यकाव्यापी हाजिरीजवाफ प्रतियोगितामा इमाडोल र लुभु प्रारम्भिक समितिबाट एक-एक टिमको सहभागिता रहेको थियो । उक्त कार्यक्रमहरूले युवाहरूमा स्वस्थ प्रतिस्पर्धाको भावना, आपसी सद्भाव, अनुशासन, समूहकार्य तथा नेतृत्व क्षमताको विकासमा सकारात्मक योगदान पुऱ्याएको छ । आगामी दिनमा पनि युवामैत्री खेलकुद तथा बौद्धिक प्रतियोगिताहरूलाई थप व्यवस्थित र प्रभावकारी रूपमा सञ्चालन गर्दै लैजाने लक्ष्य रहेको छ ।

ङ. शाकाहार तथा वातावरण शाखा :-

परिषद्का केन्द्र, प्रदेश, जिल्ला तथा प्रारम्भिक समितिहरूको आयोजनामा देशका विभिन्न मठ- मन्दिर तथा सार्वजनिक स्थानहरूमा पशुबली निषेध सचेतना तथा शाकाहारी अभियान सञ्चालन गरिएका छन् । विश्ववातावरण दिवसकादिन देशभर सरसफाइ तथा वृक्षारोपण कार्यक्रम सञ्चालन गरिएको छ ।

२. विपत् व्यवस्थापन विभाग

श्रीकृष्ण प्रणामी समाज नेपालका तीन वटै केन्द्रीय समितिहरू (सेवा समिति, युवा परिषद् र बाईजूराज महिला समिति) को संयुक्त निर्णयअनुसार बाढी प्रभावित जिल्लाहरूमा राहत तथा पुनर्गठन कार्य सफलतापूर्वक सम्पन्न भएको छ ।

मुख्य गतिविधिहरू :

- नुवाकोटमा खाद्यान्न तथा जिन्सी वितरण : परिषद्का केन्द्रीय अध्यक्षश्री कौशल फुयालको नेतृत्वमा गएको टोलीले १२ घण्टाको कठिन यात्रापछि नुवाकोटको तुप्चेका २०० बाढी प्रभावित घरपरिवारलाई खाद्यान्न, लत्ताकपडा, डसना र सोलार बत्ती वितरण गऱ्यो । (अध्यक्षज्यूले एभिन्युज टि.भी.को प्रत्यक्ष प्रसारणमार्फत् सँस्थाको प्रतिबद्धता व्यक्त गर्नुभएको थियो ।)

- बालबालिकाको शिक्षा र आवास : बाढीबाट प्रभावित करिब १०० जना बालबालिकाहरूलाई कक्षा १२ सम्मको निःशुल्क उच्चशिक्षा र व्यवस्थित बसोबासको पूर्ण जिम्मेवारी प्रणामी समाजले लिने निर्णय गरेको छ ।

- वृद्धाश्रम सहयोग : श्रीकृष्ण प्रणामी मन्दिर इनारपाटी र स्थानीय समितिको समन्वयमा १९ जना वृद्धवृद्धाहरूका लागि गास र वासको प्रबन्ध गरिएको छ ।

- अहोरात्र खट्ने व्यक्तित्वहरू : राहत अभियानमा नुवाकोट जिल्ला अध्यक्ष हरिकृष्ण तिमल्सिना, उहाँको टिम र विपत् व्यवस्थापन विभागका सदस्य दीपक तिमल्सिना निरन्तर खटिनुभएको छ ।

प्राप्त प्रमुख आर्थिक सहयोग :

श्री १०८ लक्ष्मण ज्योतिजी महाराज (सुरत) बाट : रू.५००००० /- प्रतिबद्धता, हाल रू.३,०००,००/- प्राप्त वैदेशिक सम्पर्क विभागको समन्वय तथा सचिन्द्र महर्जनको पहलमा पं श्री धर्मदास बुढाथोकीज्यू द्वारा संकलित क्यानडाका सुन्दरसाथहरूबाट : रू.३,२९,२५०.२५ /- साथै सरिता मरहट्ठा (व्यक्तिगत) : रू.१,००,००५ /- बाईजूराज महिला काई समिति, इमाडोल : रू.५१,००० /-, श्रीकृष्ण प्रणामी बाईजुराज सत्सङ्ग समिति ढुंगाअड्डा रू. ४३२७० /-, मङ्गलज्योति सखि समुह काठमाडौं, रू.३८५४० /-, बर्दिया जिल्ला समितिको सक्रियतामा रू.११४३२५ /-सहयोग प्राप्त, चिदानन्द दिगो सेवा (CDS)बाट रू.५१००० /- प्राप्त भएको छ। सम्पुर्ण दाता, जनप्रतिनिधि, प्रहरी, सरोकारवाला तथा तन, मन, धनले जुट्नुहुने प्रणामी समाजका सम्पूर्ण व्यक्तित्वहरूमा विपत् व्यवस्थापन विभाग र केन्द्रीय समिति हार्दिक आभार प्रकट गर्दछ।

३. प्रशिक्षण विभाग

प्रशिक्षण विभागले सँस्थाको परिचय, सङ्गठनात्मक संरचना, वातावरण संरक्षण तथा शैक्षिक गतिविधिसम्बन्धि विभिन्न विषयमा प्रशिक्षण तथा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरेको छ। साथै, श्रीकृष्ण प्रणामी युवा परिषद्का पाँच आधारशिलालाई केन्द्रमा राखी युवाहरूमा सद्भाव, संस्कार, अनुशासन, नेतृत्वक्षमता र सामाजिक उत्तरदायित्वको विकास गर्ने उद्देश्यले प्रशिक्षण प्रदान गरिएको छ। विभिन्न विद्यालय तथा स्कुल-कलेजहरूमा लागू पदार्थ दुर्व्यसन विरुद्ध सचेतना तथा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्दै आएको छ।

४. प्रविधि विभाग

१) परिषद्को वेब साईट डिजाइन तथा परिषद्का दस्ताबेजहरू डिजिटलाईज गर्न सुरू गरेको,
२) सम्पर्क कार्यालय नवतन धामका लागि प्रिन्टर सहयोग,
३) परिषद्को वार्षिक उत्सवको अवसरमा आयोजित भजन सन्ध्या पूर्ण रूपमा व्यवस्थापन,
४) जिन्सी विभागसँग समन्वय गरी परिषद्को जिन्सी व्यवस्थापनमा सहयोग,
५) माग भएअनुरूप देशै भरिका समितिहरूलाई डिजाइन लगायतको प्राविधिक सहयोग गरिँदै आएको।

५. धार्मिक विभाग

आ.ब २०८२/८३मा विभागबाट भएका मुख्य कार्यक्रमहरू

क) प्रणामी युवा विकास अक्षयकोष दाता स्मृति पाठ पारायण २०८२

धामबासी अक्षयकोष दाताहरुको स्मृति एकाहा पाठ पारायण धार्मिक विभागको व्यवस्थापनमा पहिलो पटक काठमाडौ बाहिर रौतहट जिल्लाको श्रीकृष्ण प्रणामी मन्दिर,सन्तपुरमा विभागका सदस्य तथा रौतहट जिल्ला अध्यक्ष श्री विमल सापकोटाको विशेष सकृयतामा भव्यताका साथ सम्पन्न गरियो।

ख) संगीत प्रशिक्षण कार्यक्रम

परिषद्को ३५ औं वार्षिकोत्सवको अवसर पारेर विभागकै सकृयतामा संगीत प्रशिक्षण शुभारम्भ गरिएका थियो। परिक्षणको रुपमा बालबालिका लक्षित संगीत प्रशिक्षण साप्ताहिक रुपमा प्रत्येक शनिबार बिहान ११ देखि १ बजेसम्म परिषद्को केन्द्रीय सचिवालय,कोटेश्वरमा संचालन हुदै आएको छ।

ग) अनलाईन धार्मिक प्रशिक्षण कार्यक्रम

परिषद्को ३५ औं वार्षिकोत्सवको अवसर पारेर धार्मिक विभागकै अगुवाईमा शुभारम्भ गरिएको अनलाईन धार्मिक प्रशिक्षण कार्यक्रम नियमित रुपमा प्रत्येक शनिबार बेलुका ८ बजेदेखि ९ बजेसम्म संचालन हुदै आएको छ।

घ आवासिय बाल प्रशिक्षण शिविर

श्रीकृष्ण प्रणामी युवा परिषद् केन्द्रीय समितिको तत्त्वावधानमा आयोजित ५ दिने आवासिय बाल प्रशिक्षण कार्यक्रम श्रीकृष्ण प्रणामी मन्दिर, कटुन्जे,भक्तपुरमा भव्यताका साथ सम्पन्न भयो। यस विभागका प्रमुख श्री प्रमोद थापाको संयोजकत्वमा संचालित उक्त कार्यक्रममा १०५ जना बालबालिकाहरुले प्रशिक्षण लिएका थिए। उक्त कार्यक्रममा विभिन्न व्यक्ति तथा संघसँस्थाहरुबाट रु.२,३९,५०५ /- आर्थिक सहयोग प्राप्त भएको थियो भने रु. २,२५,५९५ /- खर्च भएको थियो।

६. स्वयंसेवक विभाग :

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको स्वयंसेवक विभागले समाजमा सकारात्मक सन्देश प्रवाह गर्दै स्थापना कालदेखि नै विभिन्न धार्मिक, सामाजिक तथा मानवीय सेवाका कार्यहरूमा सक्रिय भूमिका निर्वाह गर्दै आएको छ । वर्षभरि यस विभागले श्यामनगर बुढौली, बाराको सडक टोल र सलकपुरमा आयोजित १०८ पाठ पारायण तथा वार्षिकोत्सव कार्यक्रमहरूमा विभिन्न प्रादेशिक तथा जिल्ला नेतृत्वसँग समन्वय गरी स्वयंसेवकहरूको प्रभावी परिचालन गरेको छ । यसैगरी, श्रीकृष्ण जन्माष्टमीको अवसरमा इटहरीको मुक्तिधाम र धर्मधाम जिरौनामा स्वयंसेवक परिचालन गर्नुका साथै धर्मधाम जिरौनामा २५ सय रूपैयाँ आर्थिक सहयोग र केन्द्रीय धाम तथा विद्यालयहरूबाट आएका स्वयंसेवकहरूको व्यवस्थापन मिलाइएको थियो । साथै, बाढीपीडित क्षेत्रमा राहत वितरणका लागि सवारी साधनमा १० हजार रूपैयाँ बराबरको इन्धन सहयोग उपलब्ध गराउनुका साथै राहत सामग्री लोड-अनलोड गर्ने कार्यमा समेत स्वयंसेवकहरूले सक्रिय रूपमा श्रमदान गरेका छन् । आगामी दिनमा विभागलाई अझ व्यवस्थित र प्रभावकारी बनाउँदै धार्मिक तथा सेवामूलक कार्यहरूलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरिएको छ । सिनामंगल प्रारम्भिक समिति र काठमाण्डौ जिल्लालाई शाकाहारी अभियानका लागि समेत स्वयंसेवक विभागको तर्फबाट ब्यानर सहयोग गरिएको थियो । काठमाडौं जिल्ला र कपन प्रारम्भिक समितिको संयुक्त आयोजनामा सम्पन्न बाल हाजिरीजवाफ प्रतियोगितामा रु. ३,००० (तीन हजार रुपैयाँ) आर्थिक सहयोग प्रदान गरिएको थियो । बालबालिकाको ज्ञान, क्षमता, आत्मविश्वास तथा सिर्जनात्मक विकासमा सहयोग पुऱ्याउने उद्देश्यले आयोजना गरिएको उक्त कार्यक्रमलाई स्वयंसेवक विभागले आफ्नो तर्फबाट सहयोग गरेको थियो ।

७. वैदेशिक सम्पर्क विभाग

वैदेशिक सम्पर्क विभागमार्फत् सम्पर्क समितिको माध्यमबाट विदेशमा संगठन विस्तार गर्ने तथा विभिन्न देशमा रहनुभएका युवा तथा सुन्दर साथीहरूलाई सामाजिक सेवामा जोडिन सहयोग गर्ने उद्देश्यले वैदेशिक विभागको समन्वयमा विभिन्न कार्यक्रमहरू सञ्चालन गरिएका छन् । रसुवा तथा नुवाकोट विपत् व्यवस्थापनका लागि वैदेशिक सम्पर्क विभाग सहयोग प्राप्त भएको छ । अमेरिका, बेलायत, अस्ट्रेलिया, क्यानडा, दुबई, कतार, मलेसिया लगायतका देशहरूमा सम्पर्क विभाग स्थापना गरी सक्रिय बनाइएको छ ।

८. जिन्सी विभाग

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको केन्द्रीय सचिवालय, कोटेश्वर तथा सम्पर्क कार्यालय, नवतन धाममा रहेका सम्पूर्ण जिन्सीहरूको कोडिङ गरी तथ्याङ्क अद्यावधिक गरिएको छ । केही धार्मिक पुस्तकहरूको हकमा भने धार्मिक विभागसँग समन्वय गरी तथ्याङ्क अद्यावधिक गर्ने योजना रहेको छ । जिन्सीको विस्तृत विवरण अन्तिम पृष्ठमा समावेश गरिएको छ ।

९. संगठन विभाग

संगठन विभागको गतिविधि महासचिवको प्रतिवेदनमा उल्लेख रहेको छ ।

१०. आर्थिक विभाग

आर्थिक विभागको गतिविधि कोषाध्यक्षको प्रतिवेदनमा उल्लेख रहेको छ ।



प्रदेश तथा जिल्ला समितिहरूको कार्य प्रगति

कोशी प्रदेश समिति

१. साधारण सभा सम्पन्न : २०८२ कार्तिक ५ गते झापाको बुधवारे मन्दिरमा सँस्थाको चौथो साधारण सभा सम्पन्न गरिएको थियो । जसमा सँस्थाको प्रतिवेदनहरू पास गरिएको थियो ।

२ चौथो गुरुजी श्री मंगल स्मृति फुटसल प्रतियोगिता सम्पन्न : २०८२ मंसिर ६ गते विराटनगरमा कार्यक्रम सम्पन्न गरिएको थियो । जसको व्यवस्थापन विराटनगर प्रा.स. र जिल्ला समिति मोरङले संयोजन गरेको थियो । जसमा कोशी प्रदेशका विभिन्न जिल्लाका प्रा.स.हरूको सहभागिता रहेको थियो ।

३. स्वयंसेवक परिचालन तथा संयोजन : श्री कृष्ण प्रणामी मन्दिर सलकपुरको वार्षिकोत्सव तथा अन्तराष्ट्रिय धर्म जागनी महोत्सवमा प्रदेश समितिले स्वयंसेवक परिचालन कार्यको संयोजन गरेको थियो ।

४. संगठन सुदृढीकरण अभियान : यस अभियानअन्तर्गत २०८३ भाद्र १३ गतेका दिन धनकुटा जिल्लाका विभिन्न प्रा.स. र जिल्ला समितिका पदाधिकारीहरूसँग धनकुटा जिल्लामा छलफल गरिएको थियो जसमा मन्दिरको जग्गा व्यवस्थापन र सुन्दरसाथहरूको बसाईंसराइलगायतका विषयमा चिन्ता र चासो राखिएको थियो ।

५. विधान तथा नियमावली संशोधन छलफल : यस सँस्थाको विधानलाई परिमार्जन गर्नका लागि २०८३ भाद्र २१ गते विभिन्न जिल्ला समितिका पदाधिकारीहरूको समेत भेलामा केन्द्रिय समितिमा विधान तथा नियमावली संशोधन प्रस्ताव पेश गर्ने कुरा सर्वसम्मतिले निर्णय गरियो ।

६. कोशी प्रदेश स्तरीय युवा भेला : श्री कृष्ण प्रणामी मन्दिर सलकपुरमा केन्द्रको निर्देशनमा कोशी प्रदेश स्तरीय युवा भेला सम्पन्न गरियो । जसमा विभिन्न युवाहरूले राखेका विषयहरू उपर छलफल गरी जिज्ञासाहरू टिपोट गरिएको थियो । यसको प्रतिवेदन प्रदेश समितिले तयार पारी केन्द्रलाई सम्प्रेषित गरिसकिएको छ ।

७. विचार गोष्ठी : श्री कृष्ण प्रणामी मन्दिर सलकपुरको स्वर्ण महोत्सव २०८३ को अवसरमा युवा र आध्यत्म विषयक विचार गोष्ठी सम्पन्न गरिएको थियो । जसमा युवाहरूलाई कसरी अध्यात्ममा जोड्न सकिन्छ भन्ने विषयमा ३ जना युवा वक्ताहरूले आआफ्नो धारणा राखेका थिए ।

जिल्ला समिति ताप्लेजङ्ग

२०८१ मंसिर २५ देखि पौष ७ सम्म दोस्रो चरण फागुन ७ देखि २४ गते सम्म आम्बेगुदिनमा युवा जागरण कार्यक्रम सम्पन्न, हरिभक्त सेवा संघ र नेपाल शाकाहारी संघसँगको सहकार्यमा समाजमा आइपर्ने समस्याहरूलाई सहजीकरण गर्ने विभिन्न मेलापर्वहरूमा मन्दिर सरसफाई, स्वरूप साहेब, श्रीमद् बीतक साहेब, मेहेर सागर पाठ, पारायण, दीप प्रज्वलनलगायत शाकाहारी अभियान कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ ।

जिल्लासमिति पाँचथर

मन्दिर सरसफाई, स्वरूपसाहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ ।

जिल्ला समिति ईलाम

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, जिल्ला कार्यसमिति, इलामले गत एक वर्षको अवधिमा सँस्थाका मूलमन्त्रहरूलाई आत्मसात् गर्दै निम्नकार्यहरू सम्पन्न गरेको छ । यसै क्रममा मानवीय सेवाअन्तर्गत सूर्योदय नगरपालिका-९ स्थित पाथिभरा देवीमन्दिरमा सञ्चालित साताव्यापी श्रीमद्भागवत महापुराणको अवसरमा नेपाल रेडक्रस सोसाइटीसँगको सहकार्यमा आयोजित रक्तदान शिविरमा ६२ जनाले रक्तदान गरेका थिए भने फिक्कल बजारमा आयोजित अर्को शिविरमा ४५ जनाले रक्तदान गरेका थिए । यसका साथै इलाम तथा छिमेकी जिल्लाहरूमा आकस्मिक रूपमा रगत आवश्यक पर्ने बिरामीहरूका लागि 'रक्त सहजता' अभियानबाट महत्वपूर्ण सहयोग पुऱ्याइएको छ । बालबालिका तथा युवाहरूमा आध्यात्मिक र नैतिक चेतना जगाउन आरुबोटे र मेहेलबोटेमा बालमण्डली सञ्चालन गरिनुका साथै वर्षायाममा सहजताका लागि बालबालिकाहरूलाई छाता वितरण गरिएको छ ।

धार्मिक स्थलहरूको प्रवर्द्धन र सुदृढीकरणका लागि श्रीकृष्ण प्राकट्य उत्सवको अवसरमा विभिन्न मन्दिरहरूमा रडरोगन,

सरसफाइ तथा दीप प्रज्वलनका कार्यक्रमहरू नियमित रूपमा गरिएका छन् । समाजसेवा र दैवीप्रकोप उद्धारमा अग्रणी भूमिका निभाउँदै सँस्थाले २०८२ असोज १९ गतेको विनाशकारी पहिरोबाट पीडित सूर्योदय नगरपालिका-१० का सुन्दर साथ सोमबहादूर सुब्बाको पूर्णरूपमा नष्ट भएको घर केन्द्रीय र प्रदेश समितिसँगको समन्वयमा पुनर्निर्माण गर्न विशेष सहयोग पुऱ्याएको छ । साथै, बौद्ध मन्दिर निर्माणमा आर्थिक सहयोग गरी धार्मिक सद्भावको गतिलो उदाहरण प्रस्तुत गरिएको छ भने धामगमन भएका परिवारजनमा समवेदना प्रकट गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

सँस्थाका अन्य प्रमुख गतिविधिहरूमा 'दुर्व्यसन त्यागौं, सेवामुखी बनौं' भन्ने मन्त्रअन्तर्गत सचेतनामूलक कार्यक्रम, बलीप्रथाको अन्त्य र शाकाहार भोजनको प्रवर्द्धन रहेका छन् । कोशी प्रदेश स्तरीय फुटसल प्रतियोगितामा टोली फाइनलसम्म पुगी उपविजेता बन्न सफल भएको छ भने अन्तर्राष्ट्रिय योग दिवसमा सक्रिय सहभागिता जनाइएको छ । सँस्थागत पारदर्शिताका लागि बैंक खाता सञ्चालन, पदाधिकारीहरूबाट नियमित आर्थिक सहयोग, कार्यालय स्थापना कार्य अन्तिम चरणमा पुग्नु र सूर्योदय नगरपालिकामा अभिलेखीकरणको प्रक्रिया अगाडि बढाइनु यस वर्षका अन्य महत्वपूर्ण उपलब्धिहरू हुन् ।

जिल्ला समिति झापा

जिल्ला कार्यसमिति तथा विभिन्न प्रारम्भिक समितिहरूको सहकार्य, समन्वय र सक्रिय सहभागितामा धार्मिक, सामाजिक, मानवीय, शैक्षिक, स्वास्थ्य, वातावरण, युवा तथा सेवामूलक क्षेत्रमा विविध उल्लेखनीय कार्यक्रमहरू सम्पन्न भएका छन् । बहुनडाँगी-तेलपानी, मेचीनगरमा प्राविधिक सहयोगसहित निःशुल्क आँखा शिविर सञ्चालन गरी ३२२ जनाको आँखा परीक्षण, १५३ जनालाई निःशुल्क चस्मा वितरण तथा २१ जनाको निःशुल्क शल्यक्रिया गरिएको छ । त्यस्तै, मंगल गुरुकुल शरणामती तथा प्रणामी मन्दिर दमकमा रक्तदान कार्यक्रम आयोजना गर्नुका साथै विभिन्न अस्पतालको आवश्यकताअनुसार सम्पर्क र समन्वय गरी १४१ जनाबाट रक्तदान गराइएको छ। शैक्षिक क्षेत्रमा वितामोड अनाथ आश्रम, अम्बेश्वर माध्यमिक विद्यालय बैगुनधुरा, हिमालय माध्यमिक विद्यालयल लक्ष्मीपुर-चारपाने तथा बाहुनडाँगीलगायत ८ स्थानका अनाथ बालबालिका एवं गरिब तथा जेहेन्दार विद्यार्थीलाई कापी, कलम, स्टेसनरी सामग्री र स्कुल ब्याग वितरण गरिएको छ। मेचीनगर राजमार्ग तथा सडकआश्रित विपन्न व्यक्तिहरूलाई आवश्यकताअनुसार ब्ल्याङ्केट तथा न्यानो लत्ताकपडा वितरण गर्नुका साथै बाहुनडाँगीका बालभजन मण्डलीका नानीबाबुहरूलाई धार्मिक पोशाक उपलब्ध गराइएको छ। इटहरी मन्दिर, सलकपुर मन्दिर तथा विभिन्न शाखाहरूमा आयोजित धार्मिक कार्यक्रम, श्री १०८ पारायण तथा अन्य सामाजिक- धार्मिक गतिविधिमा स्वयंसेवक परिचालन गरी सेवा प्रदान गरिएको छ। आचार्य श्री जगद्गुरु एवं गुरुमहाराजहरूको झापा आगमनका अवसरमा स्वागत तथा सुरक्षा व्यवस्थापनमा समेत सक्रिय सहभागिता जनाइएको छ । शान्तिनगर र शरणामती मंगल गुरुकुलमा बालमण्डलीका लागि गायन तथा वाद्यवादनसम्बन्धि सांगीतिक कक्षा सञ्चालन गर्नुका साथै शरणामतीमा बालमण्डलीलाई वाद्यवादन प्रशिक्षण निरन्तर प्रदान गरिएको छ । ज्यामिरगढी, शनिश्चरे र दुहागढीमा ज्येष्ठ नागरिक तथा वृद्धवृद्धा आमाबुबालाई लौरो लगायतका सहयोगी सामग्री वितरण गरिएको छ बैगुनधुरा प्राथमिक विद्यालयका ३ जना गरिब तथा जेहेन्दार विद्यार्थीलाई वार्षिक शैक्षिक सामग्रीसहित छात्रवृत्ति प्रदान गरिएको छ । सरणामती गुरुकुलमा स्थानीय तहसँगको समन्वयमा राष्ट्रिय धान दिवस मनाउँदै नियमित रूपमा बेठी तथा धान रोपाइँ कार्यक्रम सञ्चालन गरिएको, झापा जिल्लाका सार्वजनिक स्थान तथा मठ मन्दिरहरूमा आवश्यकताअनुसार वृक्षरोपण गरिएको र कृष्ण प्राकट्य उत्सवका अवसरमा बुधबारे, धुलाबारी, शनिश्चरे तथा घोडामारा लगायतका स्थानमा सामूहिक सन्ध्या आरती आयोजना गरिएको छ । विद्यालयहरूमा लागू औषध, दुर्व्यसन विरुद्ध सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुका साथै झापा जिल्लाअन्तर्गतका विभिन्न मन्दिर तथा सत्संग भवनहरूको भ्रमण, अन्तरक्रिया र आध्यात्मिक गतिविधि सञ्चालन गरिएको छ । श्री १०८ गुरुमहाराजजीहरू तथा धर्मप्रचारकज्यूहरूको सहभागितामा झापाका विभिन्न धार्मिक स्थलमा आध्यात्मिक यात्रा आयोजना गरिएको र दमक, भद्रपुर, गौरादह तथा शिवगञ्जमा आयोजित श्रीकृष्ण रथयात्रामा सँस्थागत सहभागिता जनाउँदै सँस्थाको धार्मिक तथा सामाजिक परिचय विस्तार गरिएको छ। दुहागढीमा सहकारी समाज निर्माणसम्बन्धि जनचेतना अभिवृद्धिका लागि मिनी म्याराथन दौड आयोजना गरिएको छ भने प्रदेश स्तरीय मंगल स्मृति फुटसल प्रतियोगितामा सहभागिता जनाई झिलझिले प्रारम्भिक समितिले प्रथम स्थान हासिल गरेको छ । नववर्ष २०८३ को शुभकामना आदान प्रदानका अवसरमा प्रणामी भित्ते पात्रो वितरण गरिएको छ । रसुवाको भोटेकोशी क्षेत्रमा आएको प्राकृतिक विपत्तिमा परी ज्यान गुमाउने महानुभावहरूको स्मृतिमा शनिश्चरे, वितामोड, दुहागढी, बैगुनधुरा तथा घोडामारा लगायतका स्थानमा श्रद्धाञ्जली सभा आयोजना गरी दीप प्रज्वलनसहित शोक तथा समवेदना व्यक्त गरिएको छ । विपन्न सन्थाल बस्तीमा खाद्यान्न सामग्री वितरण, रामजानकी मन्दिरमा रामनवमीका अवसरमा चियापान सेवा, छठ पर्वमा धर्मावलम्बी तथा तीर्थयात्रीहरूलाई फलफूल र पानी वितरण तथा शिवपञ्चायन मन्दिरमा चियापान सेवा सञ्चालन गरिएको छ । साथै घोडामारा तथा बाह्रदशीमा सार्वजनिक वक्तृत्वकला तथा नेतृत्व विकाससम्बन्धि प्रशिक्षण सञ्चालन गरी युवाहरूको क्षमता, नेतृत्व, व्यक्तित्व तथा

सामाजिक उत्तरदायित्व विकासमा योगदान पुऱ्याइएको छ। यसरी स्वास्थ्य सेवा, रक्तदान, शिक्षा सहयोग, विपन्न तथा ज्येष्ठ नागरिक सेवा, धार्मिक एवं आध्यात्मिक गतिविधि, वातावरण संरक्षण, लागू औषध विरुद्ध सचेतना, खेलकुद, युवा नेतृत्व विकास तथा विपत् प्रभावितप्रति मानवीय सहयोगसम्मका विविध कार्यक्रम मार्फत् जिल्ला कार्यसमिति र प्रारम्भिक समितिहरूले 'सेवालाई साधना र परोपकारलाई जीवनको धर्म' भन्ने भावनालाई व्यवहारमा रूपान्तरण गर्दै समाजमा सकारात्मक, मानवीय र सेवामुखी योगदान पुऱ्याएका छन्।

जिल्ला समिति तेह्रथुम

विभिन्न मेला पर्वहरूमा मन्दिर सरसफाई, स्वरूपसाहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ।

जिल्ला समिति धनकुटा

निजानन्द दर्शनको अनुसरण गर्दै भौगोलिक विकटता र सुन्दरसाथको कम जनघनत्वका बाबजुद श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, जिल्ला कार्यसमिति धनकुटाले वर्ष २०८३/८४ मा केन्द्रको निर्देशन र विधानबमोजिम विभिन्न धार्मिक, सेवामूलक तथा संगठन विस्तारका गुणात्मक कार्यहरू सफलतापूर्वक सम्पन्न गरेको छ। यस अवधिमा परिषद्ले स्थानीय श्रीकृष्ण प्रणामी मन्दिरको तला थप तथा मर्मतसम्भार कार्यमा श्रमदान, सेवा र प्रत्यक्ष सहयोग पुऱ्याउनुका साथै मन्दिर समितिद्वारा श्रावण कृष्ण पञ्चमीदेखि प्राकट्य अष्टमीसम्म आयोजित सप्ताहव्यापी वितक कथा कार्यक्रममा सक्रिय समन्वय गरेको थियो। त्यसैगरी, प्राकट्य अष्टमीको अवसरमा आयोजित भजन-कीर्तन, झाँकी र भव्य शोभायात्रालाई सफलताका साथ सम्पन्न गर्न महत्वपूर्ण सेवा तथा समन्वयको भूमिका निर्वाह गरेको परिषद्ले वर्षभरि सुन्दरसाथहरूका घर, मन्दिर तथा अन्य धार्मिक अवसरहरूमा निरन्तर सहभागिता जनाउँदै आएको छ। यसका साथै,

जिल्ला समिति मोरङ

धार्मिक एवं आध्यात्मिक जागरण प्रणामी धर्मको आध्यात्मिक चेतना, धार्मिक आस्था तथा स्वामी श्री प्राणनाथजीको दिव्य वाणीको सन्देशलाई जनस्तरसम्म पुऱ्याउने उद्देश्यले विभिन्न धार्मिक गतिविधिमा परिषद्को सक्रिय सहभागिता रहेको छ। परम् श्रद्धेय महाराजश्रीको पावन जन्मोत्सवको अवसरमा मन्दिर परिसरमा विशेष दीप प्रज्वलन कार्यक्रम आयोजना गरियो। ऐतिहासिक १०८ पारायण ज्ञान महायज्ञको अवसरमा मोटरसाइकल च्याली र स्वयंसेवक परिचालन गरियो। विराटनगर प्रा.स. को नेतृत्वमा आयोजित 'चौथो मंगल स्मृति प्रणामी फुटसल प्रतियोगिता' मा सक्रिय सहभागिता रक्तदान कार्यक्रममा सक्रिय सहयोग पुऱ्याइयो। नयाँ पुस्तामा धर्म, संस्कार, नैतिकता तथा सदाचारको भावना विकास गर्न बालबालिकालाई केन्द्रमा राखेर विशेष बालशिविर सञ्चालन गरियो। श्रीकृष्ण जन्माष्टमीको पावन अवसरमा रात्रिकालीन विशेष सांस्कृतिक कार्यक्रम सञ्चालन गरियो। सँस्थाको दीर्घकालीन विकास तथा गतिविधिहरुलाई व्यवस्थित बनाउन यस अवधिमा महत्वपूर्ण भौतिक पूर्वाधार निर्माणका कार्यहरू अगाडि बढिरहेको छ। सँस्थाको प्रशासनिक तथा सांगठनिक गतिविधिहरुलाई व्यवस्थित रूपमा सञ्चालन गर्न सचिवालय निर्माण गरिएको छ।

बालबालिका तथा संगीतप्रेमी युवाहरूको प्रतिभा विकासका लागि संगीत कक्षा कोठाको निर्माण कार्य सम्पन्न गरिएको छ। बालबालिकालाई सहज, व्यवस्थित तथा अनुकूल वातावरणमा सत्संग, धार्मिक शिक्षा तथा संस्कार प्रदान गर्न बालसत्संग कोठाको निर्माण कार्य सम्पन्न भएको छ। विराटनगर प्रा.स.ले विभिन्न सेवाभावी महानुभावहरूको सहयोगमा कसैको जन्मदिनको अवसर पारेर वा कसैको स्मृतिमा उहाँहरूको नाममा भोजन सेवा आयोजना गरिएको छ। श्रीकृष्ण प्रणामी युवा परिषद नेपालको ३६औँ स्थापना दिवसको अवसर पारेर विराटनगर महानगरपालिका १९ नं वडामा अवस्थित एक सामुदायिक विद्यालयका विपन्न बालबालिकालाई फर्निचर तथा जुसको सेवा गरियो। कोशी प्रदेश स्तरीय 'चौथो मंगल स्मृति प्रणामी फुटसल प्रतियोगिता' भव्य रूपमा सफल पारियो। श्रीकृष्ण प्राकट्य महोत्सवको अवसरमा हरेक वर्ष झैं यस वर्षपनि सम्मान कार्यक्रम राखी विशेष सम्मान गरियो। विराटनगरका विभिन्न अस्पतालहरूमा रहेका बिरामीहरूलाई रगत आवश्यकता परेको अवस्थामा उचित व्यवस्थापनमा सहयोग पुऱ्याइयो। 'प्राविधिक युगमा प्रविधिको उचित उपयोग' शीर्षकमा विभिन्न स्थानहरूमा चेतनामूलक कार्यक्रमहरू आयोजना गरियो। श्रीकृष्ण प्रणामी युवा परिषद् सलकपुर तथा विराटचोकको संयुक्त सहभागितामा जेनजी आन्दोलनका घाइतेहरूको सेवाका लागि आयोजित रक्तदान कार्यक्रम सम्पन्न गरियो। श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको ३६औँ स्थापना दिवसको अवसरमा श्रीकृष्ण प्रणामी मन्दिर सलकपुरमा १० थान डस्टबीन हस्तान्तरण साथै दीप प्रज्वलन समेत गरियो। श्रीकृष्ण प्रणामी सलकपुरको स्वर्ण महोत्सवको अवसरमा सफलता पूर्वक विभिन्न सेवाकार्य गरियो। श्रीकृष्ण प्रणामी मन्दिर सलकपुरमा बैठक कक्ष बनाउन भूमिका रह्यो।

शारीरिक रूपमा विकलाङ्ग सुन्दरहरैचा ९ निवासी हरिप्रसाद ढकालज्यू लाई एक थान 'Wheel Chair' प्रदान गरियो । हरैंचामोड प्रा.स.ले देउसी-भैलो कार्यक्रम आयोजना गरी सेवाका लागि रकम सङ्कलन गरियो । धनकुटा मूलघाटमा अवस्थित बृद्ध आश्रममा एक दिनको भोजन सेवा साथै विद्यार्थीलाई शैक्षिक सामग्री प्रदान गरिएको छ ।

जिल्ला समिति सुनसरी

श्रीकृष्ण प्रणामी युवा परिषद् र यसका विभिन्न समितिहरूले समाजसेवा, धार्मिक, सांस्कृतिक तथा रचनात्मक क्षेत्रमा सक्रिय रूपमा विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएका छन् । यसै क्रममा बालबालिकाको चौतर्फी विकासका लागि निजानन्द बालसमिति प्रशिक्षण सञ्चालन गरिएको थियो भने बालदिवसको अवसरमा स्टेसनरी तथा खाद्यान्न वितरण, रक्तदान लगायतका विभिन्न कार्यक्रमहरू सम्पन्न गरिएका छन् । धार्मिक तथा सांस्कृतिक जगेर्नाका लागि श्रीकृष्ण प्राकट्य उत्सवमा सहयोग, होली मिलन कार्यक्रम, श्रीकृष्ण प्रणामी युवा परिषद् स्थापना दिवसमा दीप प्रज्वलन, ज्येष्ठ नागरिकलाई फलफूल र दुध वितरण मन्दिर सरसफाई कार्यक्रम गरियो । विशेष देउसी भैलो कार्यक्रमको आयोजना, र सत्संग सहित न्यानो कपडा वितरण जस्ता कार्यहरू गरिएका छन् । त्यस्तै, श्रीकृष्ण प्रणामी मन्दिर मुक्तिधाम इटहरी र श्रीकृष्ण प्रणामी अनाथ सेवाआश्रम सलकपुरमा आयोजित १०८ पाठ पारायणमा सहभागिता जनाइएको छ भने श्रीकृष्ण जन्माष्टमी २०८३ मा भव्य रूपमा पुरस्कार वितरण गरिएको छ । रचनात्मक तथा खेलकुदतर्फ चित्रकला प्रतियोगिता, खुल्ला सडक हाजिरीजवाफ , र स्वयंसेवाको भूमिका जस्ता कार्यहरूलाई अगाडि बढाइएको छ । खेलकुदको क्षेत्रमा युवाहरूले गुरुजी मंगलदास स्मृति फुटसल प्रतियोगितामा तेस्रो स्थान प्राप्त गर्न सफल भएका छन् । साथै, विभिन्न विद्यालयहरूमा शैक्षिक तथा भौतिक सामग्री वितरण अन्तर्गत कम्प्युटर, खेलकुद सामग्री, कापी, कलम र ब्यागहरू वितरण गरिएका छन् भने रक्तदान कार्यक्रम समेत निरन्तर आयोजना हुँदै आएका छन् ।

यससँगै, श्रीकृष्ण प्रणामी युवा परिषद् प्रारम्भिक समिति धरान-६ पानबारीले पनि प्रशंसनीय कार्यहरू गर्दै आएको छ । यस समितिले पाक्षिक रूपमा चतुर्दशी भजन मण्डली, ज्ञानमञ्च, आरती भेटी सङ्कलन गरी परिषद्को कोषमा जम्मा गर्ने गरेको छ । साथै, वातावरण दिवसका अवसरमा मन्दिर क्षेत्र सरसफाई, २०८३ सालको श्रीकृष्ण प्राकट्य उत्सवमा प्रा.स.को अगुवाइमा कार्यक्रम सञ्चालन, झाँकी नृत्य प्रस्तुति, रक्तदान कार्यक्रम र युवाहरूको प्रेम भोज कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ ।

जिल्ला समिति सोलुखुम्बु

विभिन्न मेला पर्वहरूमा मन्दिर सरसफाई, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयमसेवक लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ ।

जिल्ला समिति ओखलढुङ्गा

निजानन्द दर्शनको पञ्च आधार शिलामा रहेर श्रीकृष्ण प्रणामी समाजको उत्थानका लागि धार्मिक, सेवामूलक र साङ्गठनिक गतिविधिहरू सम्पन्न गर्दै श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, जिल्ला कार्यसमिति ओखलढुङ्गाले वर्ष २०८२/८३ मा महत्वपूर्ण उपलब्धिहरू हासिल गरेको छ । यस अवधिमा परिषद्ले वर्षभरि प्रणामी धर्मका सम्पूर्ण पाठ-पारायण, मेला-पर्व तथा तिथि-मितिकाकार्यक्रमहरूमा सहभागी भई वाणी, वितक, चर्चनी र विराटको श्रवण गर्दै धर्म चिन्तनलाई निरन्तरता दिएको छ । सँस्थागत सुदृढीकरणका लागि जिल्ला समितिको नेतृत्वमा देउसीभैलो कार्यक्रम सञ्चालन गरी कोषमा रू.५५,६००/- जम्मा गरिनुका साथै युवा परिषद्को स्थापना दिवसका अवसरमा मन्दिरमा दीप प्रज्वलन गरिएको थियो । त्यसैगरी, श्रीकृष्ण प्राकट्य उत्सवको अवसरमा सुनकोशी गाउँपालिकामा सांस्कृतिक कार्यक्रम भव्य रूपमा सम्पन्न गरिएको छ । मन्दिर निर्माण कार्यमा आवश्यक स्वयंसेवक परिचालन गर्नुका साथै वातावरण संरक्षणका लागि वृक्षारोपण, सरसफाइ, रक्तदान र शाकाहारी अभियान सञ्चालनमा समेत परिषद्ले सक्रिय सहयोग पुऱ्याउँदै आएको छ ।

जिल्ला समिति उदयपुर

विद्यालय स्तरीय वक्तृत्वकला र चित्रकला कार्यक्रम, कलश शोभायात्रा र साप्ताहिक कार्यक्रममा आवश्यकता अनुसारका सहयोगी भूमिका निर्वाह गर्दै विभिन्न मेलापर्वहरूमा मन्दिर सरसफाई, नियमित मेलापर्व सञ्चालन, स्वरूप साहेब, श्रीमद्वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै आएको छ ।

मधेश प्रदेश समिति

आर्थिक वर्ष २०८२-०८३ मा मधेश प्रदेश समितिको समन्वय तथा जिल्ला र प्रसा (प्रारम्भिक समिति) हरूको सक्रिय सहभागितामा विभिन्न धार्मिक, सामाजिक एवं युवा चेतनामूलक कार्यक्रमहरू सम्पन्न भएका छन् । यस वर्ष रौतहटको शान्तिनगर तथा बाराको निजगढ प्रणामी नगरमा आयोजित १०८ पाठ-परायण लगायतका धार्मिक कार्यक्रमहरूमा प्रदेश तथा जिल्ला समितिको सशक्त सहभागिता रह्यो । धार्मिक तथा सामाजिक चेतना अभिवृद्धिका लागि आयोजित मोटरसाइकल च्यालीमा युवाहरूको उत्साहजनक उपस्थिति देखिएको थियो । यी विभिन्न धार्मिक तथा सामाजिक कार्यक्रमहरूमा युवाहरूलाई स्वयंसेवकका रूपमा परिचालन गरी स्थल, सहभागी, अतिथि, साधु-सन्त तथा च्याली व्यवस्थापनको जिम्मा दिइएको थियो, जसले युवाहरूमा नेतृत्व, व्यवस्थापन, अनुशासन र सामाजिक उत्तरदायित्वको भावना विकास गर्न महत्वपूर्ण सहयोग पुऱ्याएको छ ।

धार्मिक गतिविधिसँगै सामाजिक सेवा र जनचेतनामूलक कार्यलाई पनि उत्तिकै प्राथमिकता दिइएको छ । यस वर्ष मधेश प्रदेश समितिका धार्मिक उपाध्यक्ष श्री मनोज शाहज्यूको नेतृत्वमा सहयोगी दाताहरूबाट रू.२७,४०,०००/- सङ्कलन गरी नवनतपुरी धाममा निर्माणाधीन मन्दिरको पुनर्निर्माण कार्यका लागि सहयोग प्रदान गरिएको छ भने सामाजिक सेवा विभाग प्रमुख श्री निरञ्जन लाम्सालज्यूको नेतृत्वमा बाढीपीडित तथा विभिन्न विपत्को समयमा पीडित परिवारलाई राहत र सहयोग पुऱ्याउने कार्य गरिएको छ । यसका अतिरिक्त, 'दुर्व्यसन त्यागी सेवामुखी बनौं' भन्ने मूल नारालाई आत्मसात् गर्दै युवाहरूलाई कुलतबाट टाढा राख्न र उनीहरूको ऊर्जालाई सही दिशामा डोहोऱ्याउन विभिन्न चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएका छन् । यस समग्र अभियानमा बारा, रौतहट र सर्लाही जिल्ला तथा अन्तर्गतका विभिन्न प्रसाहरूको सक्रिय सहभागिताले प्रदेशका कार्यक्रमहरूलाई अत्यधिक प्रभावकारी बनाएको छ । श्रीकृष्ण प्रणामी युवा परिषद्, सर्लाही जिल्ला समितिद्वारा विभिन्न धार्मिक, सामाजिक तथा सेवामूलक गतिविधिहरू सफलतापूर्वक सम्पन्न भएका छन् । श्री १०८ मेहरसागर पाठ र पशुबली विरुद्ध सचेतना केन्द्रीय उपाध्यक्ष अनिल कोइरालाको उपस्थिति र नगर प्रमुखको प्रमुख आतिथ्यमा च्याली गरियो पृथ्वी परिक्रमाको अवसरमा जिल्ला स्थित १० वटा मन्दिरहरूको परिक्रमा गरियो भने निःशुल्क आँखा शिविर सञ्चालन गरी १०६ जनाको परीक्षण र मोतियाबिन्दु भएकाहरूको हेटौंडामा अप्रेसन गराइएको छ । यसैगरी, हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्नुका साथै पद्मभुवनेश्वरी नमुना वृद्ध आश्रममा आश्रित असहाय व्यक्तिहरूलाई एक छाक भोजन सेवा र धर्म प्रचारक कमल प्रणामीद्वारा सत्संग तथा भजन कीर्तन कार्यक्रम सञ्चालन गरिएको छ । १०८ पारायणमा आर्थिक सहयोग तथा स्वयंसेवक परिचालन गरियो । मधेश प्रदेशका केही जिल्ला प्रा.स. सक्रिय रूपमा सञ्चालन छन् भने आगामी दिनमा बाँकी जिल्ला प्रा.स.हरूलाई समेत सक्रिय बनाउने योजना रहेको छ ।

जिल्ला समिति बारा

श्रीकृष्ण प्रणामी युवा परिषद्, निजगढ प्रारम्भिक समितिले आर्थिक वर्ष २०८२/८३ मा सम्पन्न गरेका प्रमुखकार्यहरू तथा धार्मिक तथा सांस्कृतिक गतिविधि : माघ २१-२८ मा आयोजित १०८ पाठपारायण कार्यक्रममा मुख्य भूमिका निर्वाह गर्दै करिब ५०० वटा मोटरसाइकल सहितको भव्य च्याली आयोजना गरियो । साथै, देउसी-भैलो कार्यक्रम सञ्चालन गरी सांस्कृतिक परम्पराको जगेर्ना गरियो ।

सामाजिक तथा स्वास्थ्य सेवा : १०८ पाठपारायणका अवसरमा स्वयंसेवक परिचालनका साथै स्वास्थ्य शिविर, रक्तदान शिविर र आँखा शिविर सफलतापूर्वक सञ्चालन गरियो । असार ८ गते युवाहरूमा राष्ट्रिय भाव र सामाजिक उत्तरदायित्व अभिवृद्धि गर्न 'राष्ट्रका लागि योगदान' विषयक सचेतनामूलक कार्यक्रम आयोजना गरियो । भौतिक तथा व्यवस्थापकीय सबलीकरण : सँस्थाका कार्यक्रमहरू तथा श्रीकृष्ण प्रणामी सामुदायिक सभाहलका लागि साउन्ड सिस्टम, कुर्सी, कलश तथा भाँडाकुँडाहरू खरिद गरी भौतिक सम्पत्ति वृद्धि गरियो ।

सम्मान कार्यक्रम : शैक्षिक सेवाबाट अवकाश हुनुभएका श्रीकृष्ण प्रणामी मन्दिर निजगढका अध्यक्ष श्री यादवकुमार तिमल्सिनाज्यूलाई उहाँको योगदानको कदर गर्दै सम्मानपत्र प्रदान गरियो । त्यसैगरी, जिल्ला बाराअन्तर्गतको प्रारम्भिक समिति औताहा, सिमराले पनि प्राकट्य महोत्सवकै दिन १०१ जनाको सहभागितामा बृहत् रक्तदान कार्यक्रम सम्पन्न गरेको छ । यस समितिले जितपुर सिमरा उपमहानगरपालिका वडा नं. ४ र सेवा समितिसँगको समन्वयमा समाधि स्थलका लागि १५ कट्ठा जग्गा उपलब्ध गराउन महत्वपूर्ण सहयोग पुऱ्याएको छ । यसका अलावा, नियमित रूपमा अष्टमी र चतुर्दशीका दिन भजन मण्डली सञ्चालन गर्दै केन्द्रीय समितिको वार्षिक क्यालेन्डर अनुसारका विविध धार्मिक तथा सामाजिक कार्यहरू सफलतापूर्वक सम्पन्न गर्दै आएको छ ।

जिल्ला समिति पर्सा

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, जिल्ला कार्यसमिति पर्साले २०८२ भाद्र ३० गतेको श्रीकृष्ण प्राकट्य उत्सवको अवसरमा ५५ जनाको सहभागितामा रक्तदान कार्यक्रम सम्पन्न गर्नुका साथै मानव सेवा संघसँगको सहकार्यमा वीरगञ्जको मुख्य चोक घण्टाघर क्षेत्रमा सचेतना तथा सरसफाइ कार्यक्रम आयोजना गरेको छ। साथै, समितिले केन्द्रीय परिषद्को निर्देशन अनुसारका सम्पूर्ण कार्यक्रमहरू नियमित रूपमा सञ्चालन गर्दै आएको छ।

जिल्ला समिति धनुषा

विभिन्न मेला पर्वहरूमा मन्दिर सरसफाई, स्वरूप साहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै र सहभागी हुँदै आएको छ।

जिल्ला समिति महोत्तरी

विभिन्न मेला पर्वहरूमा मन्दिर सरसफाई, स्वरूप साहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै र सहभागी हुँदै आएको छ।

जिल्ला समिति सिराहा

विभिन्न मेला पर्वहरूमा मन्दिर सरसफाई, स्वरूप साहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै र सहभागी हुँदै आएको छ।

जिल्ला समिति सप्तरी

विभिन्न मेला पर्वहरूमा मन्दिर सरसफाई, स्वरूप साहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवा लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै र सहभागी हुँदै आएको छ।

जिल्ला समिति रौतहट

श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल, जिल्ला कार्यसमिति उल्लेख्य कार्यहरू सम्पन्न गरेको छ। धार्मिक क्षेत्रतर्फ निजानन्द धाम नजरपुरबाट सुरु भई सन्तपुर मन्दिरमा समापन भएको १०८ अभ्यास पाठपारायण र 'एक प्रा.स. एक प्रशिक्षण' कार्यक्रम भव्यताका साथ सम्पन्न गरिएको थियो। सामाजिक तथा स्वास्थ्य सेवाअन्तर्गत चिसोबाट प्रभावित ५०० विपन्न परिवारलाई न्यानो कपडा वितरण, मानव सेवा आश्रम चन्द्रपुरमा राहत सामग्री सहयोग, निःशुल्क आँखा शिविरमार्फत् ५५ जनाको शल्यक्रिया, दन्त शिविर तथा १३६ पिन्ट रक्तदान कार्यक्रम सञ्चालन गरियो। शिक्षा र सचेतनातर्फ पशुबली विरुद्ध जनजागरण, गरिब तथा जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति समन्वय र एस.इ.ई. उत्कृष्ट विद्यार्थी सम्मान कार्यक्रम आयोजना गरिएका छन्। साथै, धर्म जागनी महोत्सवहरूमा स्वयंसेवक परिचालन, शोक सन्तप्त परिवारलाई ढाडस र सँस्थागत सुदृढीकरणका लागि नियमित बैठक तथा इन्चार्ज व्यवस्थापन गर्दै रौतहट जिल्ला समितिले आफ्ना गतिविधिहरू सफलताका साथ अघि बढाएको छ। प्रणाम।

जिल्ला समिति सर्लाही

श्रीकृष्ण प्रणामी युवा परिषद्, सर्लाही जिल्ला समितिद्वारा विभिन्न धार्मिक, सामाजिक तथा सेवामूलक गतिविधिहरू सफलतापूर्वक सम्पन्न भएका छन्। दिवंगत सुन्दरसाथहरूको १२औं पुण्यतिथिमा युवा परिषद्को अगुवाईमा श्री १०८ मेहरसागर पाठ गरी श्रद्धाञ्जली अर्पण गर्ने गरिएको छ। जेन्जी आन्दोलनका क्रममा निधन भएका आत्माको शान्ति र घाइतेको स्वास्थ्य लाभको कामना गर्दै दीप प्रज्वलन गरिनुका साथै पशुबली विरुद्ध केन्द्रीय उपाध्यक्ष अनिल कोइरालाको उपस्थिति र नगर प्रमुखको प्रमुख आतिथ्यमा सचेतना च्याली र कोणसभा सम्पन्न गरियो। पृथ्वी परिक्रमाको अवसरमा जिल्ला स्थित १० वटा मन्दिरहरूको परिक्रमा गरियो भने निःशुल्क आँखा शिविर सञ्चालन गरी १०६ जनाको परीक्षण र मोतियाबिन्दु भएकाहरूको हेटौंडामा अप्रेसन गराइएको छ। यसैगरी, हाजिरीजवाफ प्रतियोगिता आयोजना गर्नुका साथै पद्मभुवनेश्वरी नमुना वृद्ध आश्रममा आश्रित असहाय व्यक्तिहरूलाई एक छाक भोजन सेवा र धर्म प्रचारक कमल प्रणामीद्वारा सत्संग तथा भजन कीर्तन कार्यक्रम सञ्चालन गरिएको छ। निजगढ र शान्तिनगर स्थित मन्दिरमा आयोजित १०८ पारायणमा आर्थिक सहयोग तथा स्वयंसेवक परिचालन गरिएको छ भने हाल यस समितिको कोषमा रू.१,१०२/- मौज्दात रहेको छ। सर्लाही जिल्लामा रहेका प्रा.स.मध्ये करिब आधा जति प्रा.स. समितिहरू सक्रिय रूपमा सञ्चालन तथा परिचालनमा रहेका छन्। आगामी दिनमा बाँकी प्रा.स.हरूलाई समेत सक्रिय बनाउने योजना रहेको छ।

बागमती प्रदेश समिति

(क) २०८२ माघ ३ गते श्रीकृष्ण प्रणामी युवा परिषद् बागमती प्रदेशको आयोजनामा ललितपुरको सिकाली चौरमा, श्रीकृष्ण प्रणामी सेवा समिति, बाईजूराज महिला समिति र युवा परिषद्को सहभागितामा बृहत कृष्णभोज कार्यक्रम सम्पन्न गरिएको थियो ।

(ख) श्रीकृष्ण प्रणामी युवा परिषद, केन्द्रिय समितिले प्रकाशित गरेको २०८३ सालको नयां भित्तेपात्रो बागमती प्रदेश भित्रका ११ वटा जिल्लाहरूमा सहज तरिकाले वितरण गर्ने कार्य सम्पन्न गरेको ।

(ग) २०८२ कार्तिक १५ गते श्रीकृष्ण प्रणामी युवा परिषद् नेपालको ३५ औं वार्षिक साधारण सभामा बागमती प्रदेश समितिको तर्फबाट उल्लेखनीय सहभागिता जनाइएको ।

(घ) २०८२ कार्तिक १९ गते पृथ्वी परिक्रमा महोत्सवमा हरिसिद्धि देखि नवतन धामसम्म रथयात्रा, मोटरसाइकल च्याली र नवतन धामदेखि पशुपतिसम्मको पृथ्वी परिक्रमा कार्यक्रममा प्रदेश समितिबाट उल्लेख्य सहभागिता जनाइएको ।

(ङ) २०८२ कार्तिक २२ गते श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल ईमाडोल प्रा.स.द्वारा आयोजित राष्ट्रव्यापी प्रणामी कप फुटसल प्रतियोगितामा बागमती प्रदेशको तर्फबाट सहभागिता जनाइएको ।

(च) २०८२ कार्तिक २९ गते श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल लामाटार प्रा.स.द्वारा आयोजित सामूहिक पदयात्रा कार्यक्रममा बागमती प्रदेशले सहभागिता जनाइएको ।

(छ) दहचोक प्रा.स.द्वारा आयोजना गरिएको सामुहिक पदयात्रा कार्यक्रममा सहभागिता जनाइएको ।

(ज) श्रीकृष्ण प्रणामी मन्दिर निजगढमा आयोजित १०८ पारायणमा प्रदेशको तर्फबाट सहभागिता जनाइएको ।

(झ) श्रीकृष्ण प्रणामी सेवा समिति, ललितपुरले आयोजना गरेको कृष्णभोग कार्यक्रममा सहभागिता जनाइएको ।

(ञ) श्रीकृष्ण प्रणामी मन्दिर, चन्द्रपुर रौतहटमा आयोजित १०८ पाठ पारायण कार्यक्रममा सहभागिता जनाइएको ।

(ट) श्रीकृष्ण प्रणामी मन्दिर, ढुंखर्कमा आयोजित १०८ पाठ पारायणमा सहभागी भई रक्तदान गरिएको ।

(ठ) श्रीकृष्ण प्रणामी मन्दिर, बुढौली चितवनमा आयोजित १०८ पाठ पारायणमा सहभागी भई रक्तदान गरिएको ।

(ड) श्रीकृष्ण प्रणामी मन्दिर दाप्चाको वार्षिक उत्सव कार्यक्रममा सहभागिता जनाइएको ।

(ढ) नेपाल शाकाहारी संघले आयोजना गरेको शान्तिको लागि दौड प्रतियोगिता कार्यक्रममा सहभागिता जनाइएको ।

जिल्ला समिति काठमाण्डौ

श्रीकृष्ण प्रणामी युवा परिषद् काठमाडौं जिल्लाले जेन्जी आन्दोलनबाट तहसनहस भएका काठमाडौं उपत्यकाका विभिन्न स्थानमा केन्द्रीय नेतृत्वसहित अनुगमन तथा सरसफाई कार्यक्रम सम्पन्न गरेको छ। यसैगरी, विजयादशमीको अवसरमा माइतीघर मण्डलामा दीप प्रज्वलन तथा शाकाहारी अभियान सञ्चालन गरिएको थियो भने रास पूर्णिमाको अवसरमा भैमालदेखि नवतन धामसम्मको रथयात्रामा सहभागिता तथा स्वयंसेवकको भूमिका निर्वाह गरिएको थियो। पोखरा स्थित श्रीकृष्ण प्रणामी मन्दिर, वृद्ध तथा बालआश्रममा भोजन सेवाका लागि नगद पाँच हजार रूपैयाँ प्रदान गरियो भने इमाडोल मन्दिरमा आयोजित श्रीकृष्ण प्रणामी युवा परिषद्को ३३औं वार्षिक साधारण सभामा जिल्लाको तर्फबाट सहभागिता जनाई स्वयंसेवा गरिएको थियो ।

विभिन्न स्थानमा आयोजित खेलकुद, पदयात्रा तथा परिक्रमा कार्यक्रमहरूमा पनि सँस्थाको सक्रिय उपस्थिति रहेको छ । इमाडोल प्रा.स.द्वारा आयोजित दशौं संस्करणको फुटसल प्रतियोगितामा काठमाडौं जिल्लाबाट ७ वटा टिम सहभागी भई तृतीय पुरस्कार बापतको दशहजार रूपैयाँ आयोजकलाई हस्तान्तरण गरियो । यसबाहेक, हरिसिद्धि प्रा.स.को पृथ्वी परिक्रमा कार्यक्रम र ललितपुर लामाटार प्रा.स.को हाइकिङ कार्यक्रममा सहभागिता तथा स्वयंसेवा गरिएको छ। चितवनको बुढौली मन्दिरमा आयोजित १०८ पाठ पारायणको अवसरमा मन्दिरलाई १६४ थान न्यानो सिरक हस्तान्तरण गरिएको थियो । सँस्थागत अभियान अन्तर्गत पश्चिमका विभिन्न जिल्लाहरूमा समेत सामाजिक कार्यहरू विस्तार गरिएका छन् । बर्दियाको गुलरिया बेचैपुर स्थित मन्दिरको पारायणमा सहभागी भई आर्थिक सहयोग गरियो भने दैलेखको भैरवी गाउँपालिका स्थित पञ्चकोशी वेदाश्रमका ६१ जना बटुकहरू र कालीकोटको श्री शंकर उच्चमाध्यमिक विद्यालयका ३०३ जना विद्यार्थीहरूलाई न्यानो कपडा तथा विद्यालय पोशाक वितरण गरिएको थियो । मुगुको रारा तालमा शाकाहारी अभियान र प्रणामी सम्प्रदायको झण्डासहित सत्संग सञ्चालन गरियो । यसैगरी, बाँकेमा सप्त दिवसीय पाठपारायणमा सहभागिता जनाई एक बोरा न्यानो कपडा हस्तान्तरण

गरियो भने रूपन्देहीको बुटवल स्थित नेपाल अपाङ्ग आश्रममा लुभु प्रा.स.द्वारा सहयोग हस्तान्तरण गरिएको थियो । मकवानपुरका विभिन्न विद्यालयहरूमा अध्ययनरत १४५ जना विद्यार्थीलाई विद्यालय पोशाक वितरण गरियो । कागेश्वरी मनोहरा नगरपालिका स्थित तेजविनायक मा.वि.मा केन्द्रीय उपाध्यक्ष तथा प्रशिक्षक सुशीला ढकालबाट 'दुर्व्यसनमुक्त समाजनिर्माण' विषयक प्रशिक्षण कार्यक्रम सम्पन्न गरियो । नवतन धाममा भजन सन्ध्यामा स्वयंसेवा, अन्तर प्रा.स. हाजिरीजवाफ प्रतियोगिताका लागि प्रथम पुरस्कारको व्यवस्था, र वार्षिक उत्सवको अवसरमा आयोजित सप्ताहव्यापी पाठपारायणमा आवास व्यवस्थापनसहित स्वयंसेवा गरिएको थियो । भक्तपुरको कटुञ्जेमा आयोजित प्रशिक्षण कार्यक्रममा बालबालिकालाई सहभागी गराउनुका साथै पाँचहजार रूपैयाँ प्रदान गरियो । काभ्रेपलाञ्चोकको ढुंखर्कमा आयोजित १०८ पाठ पारायणमा उल्लेख्य सहभागिता र एस.इ.ई दिएर बसेका विद्यार्थीहरूलाई लक्षित प्रशिक्षण कार्यक्रममा पाँचहजार आर्थिक सहयोग गरी स्वयंसेवा गरिएको थियो । सिरामा स्थित मन्दिरमा आयोजित पूर्ण बैठकमा सहभागिता जनाइएको थियो भने विश्व वातावरण दिवसको अवसरमा नवतन धामको प्राङ्गणमा वृक्षारोपण तथा विगतका बिरुवाहरूको संरक्षण गरियो । बालबालिकालाई लक्षित गर्दै बाल सत्संग अन्तर्गत उपत्यकाव्यापी हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गरियो र मन्दिरमा बालबालिकाको नियमित उपस्थितिलाई प्रोत्साहन गर्न गंगबु र सिनामंगल प्रा.स.लाई 'बाल सत्संग' लेखिएको ७५ थान ज्याकेट उपलब्ध गराइयो ।

काठमाडौं जिल्लाअन्तर्गतका विभिन्न प्रारम्भिक समितिहरू (प्रा.स.) ले पनि आन्तरिक तथा सामाजिक गतिविधिहरूलाई निरन्तरता दिएका छन् । नवतन धाम प्रा.स.ले रक्तदान र हाजिरीजवाफ प्रतियोगिता सम्पन्न गर्नुका साथै जिल्लाका सबै कार्यक्रममा सहयोग पुऱ्याएको छ । भैमाल प्रा.स.ले युवा तथा बाल सत्संग, भजन र नृत्य प्रस्तुत गरेको छ भने कोटेश्वर प्रा.स.ले धार्मिक तथा सामाजिक कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाएको छ । सिनामंगल प्रा.स.ले युवा तथा बालसत्संग र शाकाहारी अभियान सञ्चालन गरेको छ । शंखमूल प्रा.स.ले ब्रह्मलीन परमहंस गुरुजीको समाधिस्थल क्षेत्रमा सरसफाइलाई निरन्तरता दिएको छ भने डिल्लीबजार प्रा.स.ले मन्दिरमा नियमित सत्संग सञ्चालन गर्दै आएको छ । कपन राधाकृष्ण प्रा.स.ले बालसत्संग, न्यानो माया अभियान र रात्रीकालिन घुम्ती सत्संग नियमित रूपमा सञ्चालन गरेका छन् । आलापोट प्रा.स.ले सत्संग, योग ध्यान र प्राणायाम सञ्चालन गरेको छ । युटीकी प्रा.स.ले बाल सत्संग र न्यानो माया अभियानलाई सहयोग गरेको छ । दहचोक प्रा.स.ले हाइकिङ, सत्संग र शाकाहारी अभियान सञ्चालन गरेको छ । गोलढुङ्गा प्रा.स.ले वृक्षारोपण, मासिकभजन सन्ध्या र मन्दिर निर्माणमा सहकार्य गरेको छ । मनमैजु प्रा.स.ले योग, ध्यान प्रशिक्षण र सामाजिक कार्यमा भौतिक/आर्थिक सहयोग प्रदान गरेको छ भने ढुङ्गेअड्डा प्रा.स.ले बाल सत्संग र मासिक सत्संग कार्यक्रमलाई निरन्तर अगाडि बढाइरहेको छ ।

जिल्ला समिति ललितपुर

श्रीकृष्ण जन्माष्टमीमा ललितपुर जिल्ला समितिबाट इमाडोलले आयोजना गरेको श्रीकृष्ण रथ यात्रामा र नवतन धाममा भान्सा, भोजन वितरण सेवा, पानी वितरण सेवालगायत स्वयम सेवा गरिएको । अहिंसा महोत्सव कार्यक्रममा सहभागिता, जेन्जी आन्दोलनमा केन्द्रीय समितिको नेतृत्वमा भएको काठमाण्डौ उपत्यकाका विभिन्न स्थानको अवलोकनका साथ साथै सरसफाइ गर्ने कार्यमा सहभागिता साथै ललितपुर स्थित सातदोबाटो ट्राफिक प्रहरी कार्यालयमा जिल्ला समितिको पहलमा १ वर्षको लागि निःशुल्क इन्टरनेट जडान गरिएको । मन्दिर परिभ्रमण, सत्संग तथा भेटघाट कार्यक्रम गरिएको । धामवासी डल प्रसाद घिमिरे क्यान्सर पीडितलाई क्यान्सर उपचारका लागि रू.२१,०००/- सहयोग गरिएको । पशुबली विरुद्ध जनचेतना र्‍यालीमा सहभागी, इमाडोल मूलमन्दिरमा सम्पूर्ण पशुहरूको चिर शान्तिको कामना गरी दीप प्रज्वलन गरिएको । रास पूर्णिमामा भैमाल मन्दिर देखि नवतन धामसम्मको रथ यात्रामा सहभागिता, इमाडोल प्रा. स. र लुभु प्रा.स.को देउसी भैलोमा सहभागिता । जगतगुरु आचार्य श्री १०८ कृष्णमणी महाराजजीको ६१ औ जन्मोत्सवको अवसरमा दीप प्रज्वलन र कृष्णभोग कार्यक्रममा सहभागी । श्रीकृष्ण प्रणामी युवा परिषदको वार्षिकोत्सवमा मन्दिर सरसफाई र शान्तिदीप प्रज्वलन । इमाडोल मूल मन्दिरमा बाल सत्संग कार्यक्रम सुचारु । सिमरा मन्दिरको गजुर अनावरणको लागि रू.५०००/- सेवा गरिएको । नवतन धाममा नवतन धाम प्रा. स. द्वारा आयोजित हाजिरीजवाफ कार्यक्रममा सहभागिता र पुरस्कार प्राप्त गरेको । श्रीकृष्ण प्रणामी मन्दिर कटुन्जेमा बालबालिकाहरूको प्रशिक्षण कार्यक्रममा यस २५ जना उपस्थिति रू.२५००/- नगद सेवा प्रदान गरेको । काभ्रेपलान्चोकको श्रीकृष्ण प्रणामी मन्दिर ढुंखर्कमा २ १०८ पाठपारायणमा कलशयात्रा, स्वयंसेवा, भोजन सेवामा ललितपुरका तिनै समितिको सहकार्यमा रू.३०,०००/- बराबरको बदाम मिश्री प्रसाद सेवा समेत गरिएको । मूलमन्दिर, इमाडोलको वार्षिक उत्सवमा स्वयंसेवकको कार्य गरिएको । यस जिल्ला समितिको पहलमा महालक्ष्मी न.पा. अन्तर्गत वडा नं. ६ र ८ भित्र खुल्ला छाडा छोडिएका गाईका बाछाबाछीहरूलाई महालक्ष्मी न.पा. को गाडी सहयोगले पशुपति स्थित गौशालामा पठाइएको । श्रीकृष्ण प्रणामी सेवा समिति नेपालद्वारा आयोजित प्रशिक्षण कार्यक्रममा ४ जना प्रशिक्षार्थी पठाएको जसमा स्मारिका श्रेष्ठ उत्कृष्ठ हुन सफल भई स्वरूप साहेब ग्रन्थ पुरस्कार पाएको ।

काठमाडौं जिल्लाले आयोजनामा गरेको उपत्यका व्यापी हाजिरी जवाफ प्रतियोगितामा यस जिल्ला अन्तर्गतका इमाडोल प्रा.स. र लुभु प्रा.स.को १/१ टिम उपस्थित भएको ।

विभिन्न प्रारम्भिक समितिहरू (प्रा.स.) बाट सञ्चालित मुख्य कार्यक्रमहरूको संक्षिप्त विवरण :

इमाडोल प्रा.स.ले प्रणामी कप फुटसल, वार्षिकोत्सवमा रक्तदान, र बितक चर्चामा भोजन तथा प्रसादी सेवा सञ्चालन गर्दै धार्मिक तथा सामाजिक कार्यमा सक्रिय भूमिका निर्वाह गरेको छ। लामाटार प्रा.स.ले सामूहिक पदयात्रा, वृद्धाश्रममा भोजन सेवा, र विभिन्न धार्मिक तथा सामाजिक शिविरमा सहभागिता जनाएको छ। लुभु प्रा.स.ले न्यानोमाया वितरण, रक्तदान कार्यक्रम सञ्चालन तथा विभिन्न धार्मिक एवं सामाजिक कार्यमा सहभागिता जनाएको छ भने हरिसिद्धि प्रा.स.ले पृथ्वी परिक्रमा कार्यक्रम सञ्चालन गर्नुका साथै विभिन्न धार्मिक तथा सामाजिक कार्यहरूमा उल्लेख्य सहभागिता जनाएको छ। चुनिखेल प्रा.स.ले मन्दिरका कार्यक्रमहरूमा मञ्च व्यवस्थापन, संगीत र प्राविधिक कार्य गर्नुका साथै साप्ताहिक धार्मिक प्रशिक्षण शिविर र बितक चर्चामा भोजन सेवा सञ्चालन गर्दै आएको छ। सुनाकोठी प्रा.स.ले मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्नुका साथै अन्य प्रा.स.का कार्यक्रमहरूमा सहभागिता जनाएको छ। यसैगरी, धामीडाँडा, शंखु र पुल्चोक प्रा.स.हरूले आआफ्नो स्थानीय मन्दिरमा भएका धार्मिक कार्यक्रमहरूमा मञ्च व्यवस्थापन, संगीत र प्राविधिक कार्यहरू गर्नुका साथै विभिन्न धार्मिक शिविर तथा सामाजिक कार्यहरूमा सक्रिय सहभागिता जनाएका छन् ।

जिल्ला समिति भक्तपुर

'दुर्व्यसन त्यागौं, सेवामुखी बनौं' भन्ने मूल नारा सहित २०४७ सालमा स्थापित ४९ जिल्ला समितिको मूल पिल्लर श्री कृष्ण प्रणामी युवा परिषद् नेपाल केन्द्रको छायाँ मायाँ पाएको भक्तपुर जिल्ला समिति दर्विलो युवाहरूको हाँक सेवा र सहासमा अघि बढेको छ। जिल्लामा ६ वटा प्रारम्भिक समिति रहेको युवा परिषद २९ औं साधारण सभासम्म आइपुग्दा निजानन्द सम्प्रदायको लक्ष्य र उद्देश्यलाई मूर्तरूप दिदै संगठनको विकास, जागनीको अभियानमा सामाजिक सेवामार्फत् सहयोग गर्दै प्रणामी समाजलाई चिनाउन र सबै कुरामा सहयोग गर्दै केन्द्रीय समितिको गरिमा उच्च बनाउन सफल भएको छ। 'तुम सेवा से पाओगे पार, सुख शितल करू संसार र हम तुम एक वतन के' को महावणीले संगठित पञ्चशीललाई स्वीकार्दै कृष्ण प्रणामी युवा परिषद्ले सुन्दरसाथ भक्तजनमा एकता, आत्मीयता र श्रीराज्जीप्रतिको अगाध आस्थालाई उजागर गरेको छ सेवाकार्यमा नगरकोट आधारभूत विद्यालयमा ६० विद्यार्थीलाई पोशाक, जुत्ता तथा मोजा र ध्वतभच म्ष्कउभलकभच एक थान, ३ जना विपन्न छात्र-छात्रालाई एक वर्षको शैक्षिक छात्रवृत्ति, श्री आधारभूत विद्यालय लोकन्थली र श्री यापिभैरव आधारभूत विद्यालय दुवाकोटमा १६० थान स्कुलब्याग र रारा भ्रमणमा केन्द्रलाई सहयोग गरेको छ।

सामाजिक कार्यक्रममा ३ पटक रक्तदान, दन्तशिविर आयोजना, कटुञ्जेमा वृद्धवृद्धालाई खाद्य सामग्री वितरण, पर्यटकीय ठाउँहरूमा Tourist Information Board राखिएको छ। धार्मिक कार्यक्रममा १०८ मेहेर सागर पाठ एवं दीप प्रज्वलन, पञ्चदिवसीय आध्यात्मिक बालशिविरमा सहभागिता, धर्मजागनी महोत्सव मेला पाठ पारायण बितकमा स्वयंसेवा,आर्थिक सहयोग, बालकोट क्षेत्रमा मासिक सत्सङ रास रामत नृत्य झाँकी कायक्रम आयोजना गरिँदै आइएको छ। जिल्ला युवा परिषद कृष्णभोग कार्यक्रम, पारायणमा स्वयंसेवक परिचालन, फुटसल प्रतियोगिता, पदयात्रा कार्यक्रम, न्यानो कपडा वितरण कार्यक्रम, मन्दिरमा भोगका लागि वासन प्रदान, संघ सँस्थासँगको समन्वय, स्थानीय जात्रा मेलामा एकता सहयोग र मन्दिर सरसफाई तथा बृक्षारोपण गर्दै आएको छ। भावि दिनमा अक्षयकोषलाई विस्तार, विद्यालय पोशाक वितरण कार्यक्रम प्रभावकारी गर्ने, कृष्णभोग कार्यक्रम निरन्तरता, स्वास्थ्य शिविर, धार्मिक तथा आध्यात्मिक कार्यक्रम युवा लक्षित Emory Training Class, Motivational Class एवं Leadership and personality development सेयर शिक्षा तथा वित्तीय साक्षरता कार्यक्रम आयोजना गरिने छ। आर्थिक तर्फ यस वर्ष करिव ६५ हजार बचत रहेको, ३ लाखको अक्षयकोष रहेको र सबै प्रा.स.मा खाता खुलाई स्रोत सङ्कलन सेवा र सहयोगलाई प्राथमिकतामा राखिएको छ। प्रणाम ।

जिल्ला समिति काभ्रेपलाञ्चोक

काभ्रे जिल्ला समितिको मिति २०८२ भाद्र २१ गते आयोजित ३५ औं साधारण सभाको अवसर पारेर युवा धर्म प्रचारक श्री श्यामदास कुंवरज्यूद्वारा एक दिने युवालक्षित आध्यात्मिक प्रशिक्षण सम्पन्न गरिएको छ। सोही कार्यक्रमको अवसरमा नै २०८१ असोज १०–१२ को अविरल वर्षाको क्षतिपछि काभ्रे जिल्लामा विभिन्न स्थानमा राहत तथा उद्धारमा सहयोग गर्ने संघसँस्थाहरूलाई सम्मान कार्यक्रम समेत आयोजना गरिएको छ। यसै गरी २०८२ असोज महिनामा 'शाकाहारी बनौं, स्वस्थ रहौं' अभियानअन्तर्गत काभ्रे जिल्लाका रातमाटे, बाँसडोल, पस्थली, पनौती बसपार्क, बनेपा, काभ्रे भन्ज्याङ आदि स्थानहरूमा ब्यानर प्रदर्शनी, मौन च्याली, पर्चा वितरण आदि कायक्रर्महरू गरी सचेतना अभियान सञ्चालन गरिएको छ। उक्त कार्यक्रमहरूमा सेवा समिति तथा बाईजूराज समितिबाट समेत सहभागिता रहेको छ।

२०८२ कार्तिक १५ मा आयोजित पृथ्वी परिक्रमा महोत्सवमा कार्यक्रमको रथको तयारी देखि पृथ्वी परिक्रमा कार्यक्रम समापनसम्म जिल्ला तथा प्ररभिर्कहरूबाट सकृय रूपमा सहभागिता तथा स्वयम् सेवकको भूमिका निभाइएको छ । २०८२ कार्तिक २२ गते ललितपुरको इमाडोल प्रा.स द्वारा आयोजित राष्ट्रव्यापी प्रणामी फुटसल प्रतियोगितामा यस जिल्लाका होक्से तथा काभ्रेभन्ज्याङ प्रा.स. को सहभागिता रहेको थियो भने उक्त प्रतियोगितामा काभ्रेभन्ज्याङ प्रा.स.ले तृतीय स्थान हासिल गर्न सफल भएको छ । यसै गरी २०८२ माघ १८ गते परिषद्को स्थापना दिवसको अवसर पारेर श्रीकृष्ण प्रणामी मन्दिर बनेपामा मेहेर सागर पाठ तथा दीपप्रज्ज्वलन कार्यक्रम आयोजना गरियो । श्रीकृष्ण प्रणामी मन्दिर ढुंखर्कमा मिति २०८२ साल चैत्र २७ देखि २०८३ बैशाख ३ गतेसम्म आयोजना भएको १०८ पारायणमा कार्यक्रम अवधिभर यस जिल्ला समितिको संयोजकत्वमा करिब १०० जना स्वयम् सेवकहरू परिचालन गरिएको छ । उक्त पाठपारायण कार्यक्रमकै अवसरमा बृहत् मोटरसाईकल च्याली, युवालक्षित भेला तथा प्रशिक्षण, रक्तदान जस्ता विभिन्न कार्यक्रमहरू आयोजना गरिएको छ । यस जिल्ला समितिबाट विभिन्न समयमा केन्द्र, प्रदेश, अन्य जिल्ला तथा प्रा.स.हरूमा आयोजना हुने कार्यक्रमहरूमा सकृय सहभागिता रहँदै आएको छ ।

जिल्ला समिति रामेछाप

(१) जिल्लाभित्र रहेका श्रीकृष्ण प्रणामी मन्दिरहरूमा आयोजनामा हुने मेलापर्व तथा सत्संग कार्यक्रमहरूमा स्वयंसेवकको रूपमा सक्रिय र व्यवस्थित भूमिका निर्वाह गरिएको ।

(२) श्रीकृष्ण प्रणामी मन्दिर धुसालको वार्षिक उत्सव कार्यक्रम २०८२ को पावन अवसरमा धार्मिक चेतना अभिवृद्धिको लागि 'धार्मिक हाजिरीजवाफ प्रतियोगिता' सफलतापूर्वक सम्पन्न गरिएको । प्रतियोगिताका सहभागीहरूलाई उत्साह र प्रोत्साहन स्वरूप पुरस्कार वितरण गरिएको ।

(३) श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल जिल्ला कार्यसमिति रामेछाप र जिल्ला कार्यसमिति सिन्धुलीको संयुक्त आयोजनामा सिन्धुलीको बोहरेटार स्थित श्रीकृष्ण प्रणामी मन्दिरमा एकदिने प्रयोगात्मक गोष्ठी सम्पन्न गरेको । ' आरोग्यताको लागि योग ध्यान' नामक गोष्ठीमा १६० जना सुन्दरसाथ तथा स्थानीय सर्वसाधारणको उत्साहजनक सहभागिता रहेको ।

(४) श्रीकृष्ण प्रणामी सेवा समिति नेपाल, श्रीकृष्ण प्रणामी बाईजूराज तथा श्रीकृष्ण प्रणामी युवा परिषद नेपालका केन्द्रीय, प्रादेशिक र जिल्ला समितिहरूद्वारा आयोजित विभिन्न धार्मिक, सामाजिक तथा सांगठनिक कार्यक्रमहरूमा निरन्तर र सक्रिय सहभागिता रहँदै आएको छ ।

जिल्ला समिति चितवन

चितवन जिल्लामा श्रीकृष्ण प्रणामी युवा परिषद् र मातहतका विभिन्न प्रा.स.मार्फत् थुप्रै रचनात्मक, धार्मिक तथा सामाजिक कार्यहरू सम्पन्न भएका छन् । विजयादशमीको पूर्वसन्ध्यामा शक्तिपीठहरूमा पशुबली न्यूनीकरण तथा सचेतना कार्यक्रम सञ्चालन गरियो भने श्यामनगर बुढौलीको १०८ पाठपारायण महोत्सवमा स्वयंसेवा तथा जगतगुरुको यात्राका लागि स्कटिङको व्यवस्था मिलाइयो । यसैगरी, रत्ननगर नगरपालिकाका विभिन्न वडामा दुर्व्यसनरहित समाज प्रवर्द्धन तथा तनाव व्यवस्थापन कार्यक्रम सफलतापूर्वक सम्पन्न गरिएको छ ।

जिल्ला अन्तर्गतका प्रारम्भिक समितिहरूले पनि आ-आफ्नो क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका छन् । वृजधाम प्रा.स. (टिकौली) ले ट्राफिक सचेतना अभियान, सवारी साधनमा सचेतना स्टिकर टाँस्ने कार्य र एसईई उत्तीर्ण विद्यार्थीहरूलाई सम्मान गरेको छ । साथै, मन्दिरमा बितक पालो, धर्म जागृति महोत्सवमा स्वयंसेवा, विपन्न विद्यार्थीहरूलाई न्यानो कपडा तथा स्टेसनरी वितरण, बृहद् श्रीकृष्ण प्रेम भोज, दीप प्रज्वलन, बाढीपीडितलाई आर्थिक सहयोग, भोजन गृह स्तरोन्नतिमा सहयोग र दुई हप्तासम्म निरन्तर भजन सञ्चालन गरेको छ । भरतपुर प्रा.स.ले सत्संग भवनको मूल गेटमा आकर्षक डिजिटल गेट निर्माण, श्रीकृष्ण जन्माष्टमीमा भव्य सांस्कृतिक कार्यक्रम तथा भोजन प्रसादको व्यवस्था, १०८ पारायणको शोभायात्रामा मोटरसाइकल च्याली र एक दिनभरि सम्पूर्ण सेवा अर्पण गरेको छ । यसबाहेक, पृथ्वी परिक्रमामा सहभागिता, दीप प्रज्वलन, क्यालेण्डर विमोचन र मन्दिर सरसफाईका कार्यहरू नियमित रूपमा गरिएको छ ।

जिरौना प्रा.स. ले भव्य रक्तदान कार्यक्रम (१७० जनाद्वारा रक्तदान), दधिउत्सव, राधा अष्टमीमा भोजन प्रसादी सेवा, पाठ पारायण समितिलाई स्वरूप साहेब प्रदान, र देवघाटमा हजारौं भक्तजनलाई भोजन सेवा दिएको छ। साथै, जेन्जी आन्दोलनबाट प्रभावित प्रहरी चौकीहरूलाई खाद्यान्न तथा घरायसी सामान सहयोग, धर्मधाममा क्यामेरा र स्टिल रेलिङ जडान, स्कटिङ सेवा, मनहरी र धर्मधाममा बृहत् कृष्णभोज, दृष्टिविहीन तथा जेहेन्दार विद्यार्थीहरूलाई सहयोग, ट्राफिक सङ्केत चिन्ह व्यवस्थापन, दुर्व्यसनरहित समाज प्रवर्द्धन कार्यक्रम, बौद्ध गुम्बाको कलशयात्रामा स्वयंसेवा, निःशुल्क स्वास्थ्य शिविर (पाठेघर तथा स्तन क्यान्सर स्क्रिनिङ) र बृहत् भजन सम्पन्न गरेको छ।

श्यामनगर बुढौली प्रा.स. ले श्रीकृष्ण जन्माष्टमी तथा दधि उत्सव भव्य रूपमा मनाएको छ। यस प्रा.स.द्वारा गरिब विद्यार्थीहरूलाई झोला र जुत्ता वितरण गरिएको छ भने मन्दिरमा आयोजित १०८ पारायणको कलशयात्रा, बृहद् मोटरसाइकल च्याली र सात दिने पाठपारायणमा प्रमुख स्वयंसेवकको रूपमा उच्च भूमिका निर्वाह गरिएको छ।

जिल्ला समिति मकवानपुर

मकवानपुर जिल्ला समितिले शैक्षिक उन्नयनका लागि गरिब तथा जेहेन्दार विद्यार्थीहरूको शिक्षाविकासका लागि कोष स्थापना गरी रु. ४,००,०००/- (अक्षरेपी चार लाख रुपैयाँ) शिक्षाविकास कोषमा जम्मा गरिएको तथा छात्रवृत्ति र शैक्षिक सामग्रीहरू वितरण गरिएको। मकवानपुर जिल्लाभित्रका प्रणामी मन्दिरका तस्बिरसहितका ५०० थान अफिसियल डायरी विमोचन गरिएको १६ वटा विद्यालयमा अन्तरविद्यालय हाजिरीजवाफ प्रतियोगिता, एस.ई.ई. सम्मान तथा नागरिक अभिनन्दन कार्यक्रम आयोजना गरिएको श्रीकृष्ण जन्माष्टमीमा जिल्लाका तर्फबाट सक्रिय सहभागिता जनाउँदै विविध सेवा तथा सहयोग गरिएको हेटौँडाका मुख्य बजार, बुद्धचोक, चुरियामाई मन्दिर, मनकामना मन्दिर लगायतका स्थानमा बलिप्रथा विरुद्ध सचेतना कार्यक्रम, पर्चा-पम्प्लेट वितरण, माइकिङ, प्रवचन लगायतका कार्यक्रमहरू सम्पन्न गरिएको धान्याञ्चल महायज्ञमा रोटरी क्लबसँगको संयुक्त आयोजनामा निःशुल्क आँखा जाँच तथा आँखाका शल्यक्रियासहितको आँखा शिविर सञ्चालन गरिएको युवा परिषद्को स्थापना दिवसका अवसरमा २०८२ माघ १५-१६ गते जिल्लाभित्रका प्रा.स.हरूबीच मात्र प्रतिस्पर्धा हुने गरी प्रणामी कप फुटबल प्रतियोगिता आयोजना गरिएको इमाडोल प्रा.स., ललितपुरले आयोजना गरेको राष्ट्रिय फुटसल प्रतियोगितामा सहभागिता जनाइएको १०८ पाठ पारायणमा स्वयंसेवक, आवास, सुरक्षा तथा सचिवालयसम्बन्धि सेवा प्रदान गरिएको दुर्व्यसन विरुद्धको सचेतना, "असल र सभ्य समाज निर्माणमा युवा विद्यार्थीको भूमिका" विषयक कार्यक्रम, खुला हाजिरीजवाफ तथा प्रभातफेरी कार्यक्रम सञ्चालन गरिएको छ।

जिल्ला समिति सिन्धुली

(१) सिन्धुली जिल्लामा रहेको ३ वटा श्री कृष्ण प्रणामी मन्दिर मानियमित मेलापर्व, पारायण तथा सत्संगमा सहभागी हुन सुन्दरसाथहरूलाई अभिप्रेरित गरिएको।

(२) श्रीकृष्ण प्रणामी मन्दिर बोहोरेटारमा आरोग्यका लागि योगध्यान विषयक एकदिने प्रयोगात्मक गोष्ठी केन्द्रिय प्रशिक्षकद्वय श्री मातृकाप्रसाद प्याकुरेल र होमनाथ आचार्यको सक्रियतामा सिन्धुली र रामेछापको संयुक्त सहभागितामा आयोजना गरिएको।

(३) रातामाटा बजारमा रेडक्रसद्वारा आयोजित रक्तदान कार्यक्रममा स्वयंसेवकको भूमिका निर्वाह गरेको।

(४) श्रीकृष्ण प्रणामी युवा परिषद्को वार्षिक उत्सव माघ १८ गते मेहेरसागर पाठ एवं गजल र कीर्तन कार्यक्रम गरिएको।

जिल्ला समिति सिन्धुपाल्चोक

विभिन्न मेला पर्वहरूमा मन्दिर तथा वातावरण सरसफाई, स्वरूप साहेब, श्रीमद् वितक साहेब, मेहेर सागर पाठ पारायण, दीप प्रज्वलन, शाकाहारी अभियान स्वयंसेवक परिचालन लगायत विविध कार्यक्रमहरू नियमित रूपमा गर्दै र सहभागी हुँदै आएको छ।

जिल्ला समिति दोलखा

(१) २०८२ भाद्र कृष्ण अष्टमीको दिन चरिकोट बजारमा शाकाहारी अभियान अन्तर्गत ब्यानर प्रदर्शन गरी पर्चा वितरण गरिएको ।

(२) चितवन जिल्लाको बुढौली स्थित श्रीकृष्ण प्रणामी मन्दिरमा २०८२ मार्गमा भएको १०८ पारायणको कार्यक्रममा स्वयं सेवक परिचालन गरी कार्यक्रम सम्पन्न गर्न सहयोग गरेको ।

(३) २०८२ कात्तिक १४ गते इमाडोल मन्दिरमा श्रीकृष्ण प्रणामी युवा परिषद् नेपाल बागमती प्रदेशको चौथो वार्षिक साधारण सभामा जिल्लाको तर्फबाट सहभागिता जनाइएको ।

जिल्ला समिति नुवाकोट

(१) बिगतको वर्षहरूझैं यस वर्ष पनि बाला चतुर्दशीमा सद्बिज छर्ने समयमा लाग्ने मेलाको अवसरमा त्यहाँ उपस्थित भक्तजनहरूलाई राष्ट्रिय कलाकार तथा धर्मगुरुहरूको उपस्थितिमा सत्संग तथा भजनमार्फत् प्रणामी सम्प्रदायसँग जोड्ने उद्देश्यले करीब ९०० जना भक्तजनहरूलाई निःशुल्क पानी तथा अत्यावश्यक सामग्री वितरण गरी बिहान सरसफाई कार्यक्रम सम्पन्न गरिएको ।

(२) लागुपदार्थ तथा दुर्व्यसन विरुद्ध विभिन्न ठाउँहरूमा सचेतना कार्यक्रम सञ्चालन गरिएको ।

जिल्ला समिति धादिङ

(१) धादिङ जिल्ला स्थित श्रीकृष्ण प्रणामी मन्दिर धार्केमा आउने जाने बाटो सरसफाई तथा मर्मत गरिएको ।

(२) श्रीकृष्ण प्रणामी युवा परिषद् बागमती प्रदेश सदस्य तथा जिल्ला कार्यसमिति धादिङका उपाध्यक्ष रामकृष्ण भण्डारीको स्वास्थ्योपचारको लागि रू.१०,००० । (दशहजार) सहयोग प्रदान गरिएको ।

(३) मन्दिर इलाकामा १५ वटा फलफुलको बिरुवा ल्याई वृक्षारोपण गरिएको ।

(४) दुर्व्यसन मुक्त समाज निर्माणको उद्देश्य राखी मच्छिन्द्र मा.वि. खानीखोलाका कक्षा ११ र १२ का ६० जना विद्यार्थीहरूलाई दुर्व्यसनबाट मुक्त र चरित्र निर्माण सम्बन्धि प्रशिक्षण दिइएको ।

(५) अंकित खत्रीको अध्यक्षतामा टायलघर प्रा.स. गठन गरेको ।

(६) मन्दिरमा हुँदै आएको पारायण, वार्षिक उत्सव आदि कार्यक्रमहरूमा सहकार्य एवं सहयोग पुऱ्याउँदै आएको ।

(७) मन्दिरमा आउने पाहुनाको सहजताको लागि खाट (३, डसना, सिरक, तन्ना तकिया गरी रू.४८,०००/- बराबरको सामान मन्दिरलाई हस्तान्तरण गरिएको ।

(८) महिनाको अन्तिम शनिवार नियमित रूपमा भजन कीर्तनको कार्यक्रम गर्दै आएको ।

(९) मन्दिरमा हुने विविध मेलाका कार्यक्रममध्ये युवा परिषदबाट १ मेला गर्दै आएको ।

(१०) श्रीकृष्ण प्रणामी युवा परिषद नेपाल, केन्द्रिय समिति, बागमती प्रदेश र अन्य जिल्ला कमिटीहरूले आयोजना गरेका विविध गतिविधिहरूमा आर्थिक सहयोग तथा भौतिक रूपमा सहभागिता जनाउँदै आएको छ ।

गण्डकी-लुम्बिनी संयुक्त प्रदेश समिति

फुटसल प्रतियोगिता सहभागिता : इमाडोल प्रारम्भिक समितिद्वारा आयोजित '१० औं राष्ट्रव्यापी प्रणामी कप फुटसल प्रतियोगिता-२०८२' मा प्रदेश समितिबाट सहभागिता जनाइयो, जसमा अमृत बाबु के.सी., दिनेश के.सी., प्रदीप चौलागाईं र सन्तोष ढुङ्गानाको आर्थिक सहयोगमा कुल रू.५,६०० खर्च भएको थियो । आश्रममा न्यानो कपडा वितरण : खोटाङको खुलालगाउँ स्थित श्री राधाकृष्ण प्रणामी सेवा आश्रममा आश्रितहरूलाई रू.८,८००/- बराबरको ट्रयाकसुट सेटलगायत न्यानो कपडा वितरण गरियो, जसका लागि अमृतबाबु के.सी.बाट आर्थिक सहयोग प्राप्त भएको थियो ।

रक्तदान कार्यक्रममा सहयोग : परिषद् स्थापना दिवसको अवसरमा जिल्ला कार्यसमिति रूपन्देहीद्वारा आयोजित रक्तदान कार्यक्रमअन्तर्गत फलफूल सेवाका लागि रू.५,००० आर्थिक सहयोग प्रदान गरियो । भित्तेपात्रो प्रकाशन : सँस्थाको आर्थिक स्रोत व्यवस्थापन तथा वार्षिक कार्ययोजनाअन्तर्गत 'वि.सं. २०८३ को भित्तेपात्रो' प्रकाशन गरी विज्ञापन तथा प्रकाशन सहयोगबाट बचत रकम सङ्कलन गरियो । विपत् व्यवस्थापन सहयोग : रसुवा, नुवाकोट र धादिङमाआएको विनाशकारी बाढीका पीडितहरूका लागिपाँचौं वार्षिक साधारणसभाको व्यवस्थापनखर्च कटौती गरी

रू.१२,८१० प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा सहयोग गरियो । प्रदेश शैक्षिक सम्मान : SEE परीक्षामा सर्वोत्कृष्ट अङ्कप्राप्त गर्ने तनहुँकी राधा दाहाल र लमजुङका सुवर्ण लामिछानेलाई जनही नगद रू.२,५०५/- र प्रशंसापत्रसहित' प्रदेश शैक्षिक सम्मान' प्रदान गरियो ।

जिल्लागत सामाजिक तथा धार्मिक गतिविधिहरू :

- रूपन्देही : मासिक शाकाहारी अभियान र रक्तदान कार्यक्रम सञ्चालन गरिएको ।
- पाल्पा : तनहुँ स्थित विद्यालयमा न्यानो कपडा वितरण, सातु-पानी वितरण, गौ सेवा, वृक्षारोपण, ३५औं वार्षिकोत्सवमा मेहर सागर पाठ र रेडक्रसको समन्वयमा रक्तदान गरिएको ।
- नवलपरासी : प्रत्येक महिनाको अन्तिम शनिबार घर-घरमा भजन मण्डली र सत्संग कार्यक्रम सञ्चालन गरिएको ।
- कास्की : श्रीकृष्ण जन्माष्टमीमा रक्तदान र ज्ञानीदास महाराजको उपस्थितिमा दुई दिने आध्यात्मिक शिविर सम्पन्न गरिएको ।
- लमजुङ : पोखरातर्फका साइकल यात्रीहरूलाई पानी तथा फलफूल वितरण गरिएको ।
- गोरखा : रेडक्रसको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको ।
- तनहुँ : विभिन्न मेलापर्वका अवसरमा मन्दिर परिसर सरसफाइ तथा मानवीय सहायताका कार्यहरू सञ्चालन गरिएको ।

प्रदेश कार्यक्षेत्र अन्तर्गतका लमजुङ, तनहुँ, कास्की, गोरखा, नवलपरासी, रूपन्देही र पाल्पा जिल्ला समितिहरूले नियमित बैठक, मन्दिरहरूमा सक्रिय उपस्थिति, सेवा समिति तथा बाईजूराज महिला समितिसँग सहकार्य र केन्द्रीय परिपत्रको परिपालन जस्ता सांगठनिक गतिविधिहरू सन्तोषजनक रूपमा सञ्चालन गरेका छन् । यस अवधिमा रूपन्देहीमा मासिक शाकाहारी अभियान र रक्तदान, पाल्पाको ताँहुमा न्यानो कपडा, बसपार्कमा सातु-पानी वितरण, गौसेवा, वृक्षारोपण, मेहर सागर पाठ र रक्तदान, नवलपरासीमा पालो-पालो भजन मण्डली र सत्संग, कास्कीमा रक्तदान र दुई दिने आध्यात्मिक शिविर, लमजुङमा साइकल यात्रीहरूलाई फलफूल वितरण, गोरखामा रक्तदान, तथा तनहुँमा मन्दिर सरसफाइ र मानवीय सहायताका कार्यहरू भव्यताका साथ सम्पन्न भएका छन् ।

जिल्ला समिति गोरखा

नियमित बैठक, मेलापर्वहरूमा मन्दिरमा सक्रिय उपस्थिति, सम्बन्धित क्षेत्रको सेवा समिति र बाईजूराज महिला समितिहरूको सहकार्यमा कार्यक्रममा सहभागिता र केन्द्रीय समितिद्वारा गरिएका परिपत्रहरूको परिपालन जस्ता सांगठनिक गतिविधि सन्तोषजनक रहेका छन् । रेडक्रस गोरखाको समन्वयमा रक्तदान कार्यक्रम आयोजना गरिएको छ ।

जिल्ला समिति कास्की

नियमित बैठक, मेलापर्वहरूमा मन्दिरमा सक्रिय उपस्थिति, सम्बन्धित क्षेत्रको सेवा समिति र बाईजूराज महिला समितिहरूको सहकार्यमा कार्यक्रममा सहभागिता र केन्द्रीय समितिद्वारा गरिएका परिपत्रहरूको परिपालन जस्ता सांगठनिक गतिविधि सन्तोषजनक रहेका छन् । विभिन्न मेलापर्वहरूका अवसरमा मन्दिर परिसर सरसफाई लगायत मानविय साहयताका कार्यकमहरू आयोजना गरिएको छ ।

जिल्ला समिति लमजुङ

नियमित बैठक, मेलापर्वहरूमा मन्दिरमा सक्रिय उपस्थिति, सम्बन्धित क्षेत्रको सेवा समिति र बाईजूराज महिला समितिहरूको सहकार्यमा कार्यक्रममा सहभागिता र केन्द्रीय समितिद्वारा गरिएका परिपत्रहरूको परिपालन जस्ता सांगठनिक गतिविधि सन्तोषजनक रहेका छन् । आठौं टुर दिवस पोखरा-२०२५ कार्यकममा लमजुङ जिल्लाबाट सहभागी साईकल यात्रीहरूलाई पानी तथा फलफुल वितरण गरिएको छ ।

जिल्ला समिति नवलपरासी

नियमित बैठक, मेलापर्वहरूमा मन्दिरमा सक्रिय उपस्थिति, सम्बन्धित क्षेत्रको सेवा समिति र बाईजूराज महिला समितिहरूको सहकार्यमा कार्यक्रममा सहभागिता र केन्द्रीय समितिद्वारा गरिएका परिपत्रहरूको परिपालन जस्ता सांगठनिक गतिविधि सन्तोषजनक रहेका छन् । प्रत्येक महिनाको अन्तिम शनिबार पालो/पालो सुन्दरसाथको घरमा आयोजना गरिने भजन मण्डली र सत्संग गर्ने गरिएको, जिल्ला समिति पाल्पाद्वारा ३५ औं वार्षिक उत्सवका अवसरमा मेहर सागर पाठ गरिएको, रेडक्रस पाल्पाको समन्वयमा रक्तदान कार्यक्रममा सहभागिता जनाइएको छ ।

जिल्ला समिति रूपन्देही

नियमित बैठक, मेलापर्वहरूमा मन्दिरमा सक्रिय उपस्थिति, सम्बन्धित क्षेत्रका सेवा समिति र बाइजूराज महिला समितिहरूसँगको सहकार्यमा कार्यक्रमहरूमा सहभागिता तथा केन्द्रीय समितिद्वारा गरिएका परिपत्रहरूको पालना जस्ता सांगठनिक गतिविधिहरू सन्तोषजनक रहेका छन् मासिक शाकाहारी अभियानको निरन्तरता, रक्तदान कार्यक्रम, श्री सूर्योदय पा.वि., तनहुँ तथा पाल्पामा न्यानो कपडा वितरण, अक्षय तृतीयाका अवसरमा पाल्पा बसपार्कमा सातु-पानी वितरण, तिलोत्तमाका खयालीमा गरिएको गाउँ सेवा कार्यक्रम तथा सिद्धबाबा धाम परिसरमा वृक्षारोपण कार्यक्रम सम्पन्न गरिएका छन् ।

जिल्ला समिति पाल्पा

नियमित बैठक, मेलापर्वहरूमा मन्दिरमा सक्रिय उपस्थिति, सम्बन्धित क्षेत्रको सेवा समिति र बाईजूराज महिला समितिहरूको सहकार्यमा कार्यक्रममा सहभागिता र केन्द्रीय समितिद्वारा गरिएका परिपत्रहरूको परिपालन जस्ता सांगठनिक गतिविधि सन्तोषजनक रहेका छन् । ३५ औं वार्षिक उत्सवका अवसरमा मेहर सागर पाठ गरिएको, रेडक्रस पाल्पाको समन्वयमा रक्तदान कार्यमा सहमागिता जनाइएको, साथै गण्डकी प्रदेश अन्तर्गत जिल्ला कार्यसमिति कास्कीद्वारा श्रीकृष्ण जन्माष्टमीको अवसरमा प्रत्येक वर्ष हुँदै आइरहेको रक्तदान कार्यक्रमको निरन्तरता, परिषदको ब्यवस्थापन र धर्म प्रचारक श्री श्यामदास कुँवर महाराजज्यूको सक्रिय सहभागितामा दुई दिने आध्यात्मिक शिविर सञ्चालन गरिएको छ ।

जिल्ला सम्पर्क समिति कपिलवस्तु

